# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २८३ | काठमाडौं | आइतबार, २९ माघ २०७९ | Prabhab National Daily | Sunday, February 12, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# दलीय नेतृत्वमा बढ्दै महिला

## निर्वाचन आयोगमा दर्ता भएका ११६ दलमध्ये ६ दलको नेतृत्वमा महिला

■ जेबी योञ्जन

**काठमाडौं–** राजनीतिक व्यवस्था परिवर्तनका लागि भएका आन्दोलनहरूमा लामो समयदेखि सहभागी हुँदै आएका महिलाहरू जबर्जस्त पार्टी नेतृत्वमा हस्तक्षेप गर्दै अघि बढेका छन् । राजनीतिक विचार, दर्शन र संगठनका आधारमा जनतामा पुग्ने दलका नेतृत्वहरूमा महिलाहरूको उपस्थिति पछिल्ला वर्षहरूमा बढ्दै गएको हो । कोही पार्टीको महाधिवेशनबाट त कोही दल स्थापना गरेरै राजनीतिमा आएका छन् ।

शुक्रबार र शनिबार भएको विवेकशील साझा पार्टीको पहिलो महाधिवेशनबाट समीक्षा बाँस्कोटा अध्यक्ष चयन भएकी छन् । पूर्वगृहराज्यमन्त्री दीपकप्रकाश बाँस्कोटाकी छोरी समीक्षा करिब सात वर्षदेखि सामाजिक तथा राजनीतिक आन्दोलनमा जोडिएकी हुन् । उनै बाँस्कोटा पार्टीको महाधिवेशनमा सर्वसम्मत अध्यक्ष निर्वाचित हुँदै पार्टीको 'कमाण्डर' भएकी हुन् । पार्टीलाई जनतामाझ स्थापित गराउन उनलाई चुनौती छ । पार्टीप्रति घट्दो आकर्षण उनका लागि अर्को चुनौती हो ।

२०७४ सालको निर्वाचनमा बागमती प्रदेश संसद्मा जनताबाट अनुमोदन गर्दै जति सांसद भए, यसपटक शून्य हुँदा उनले राजनीतिक, सामाजिक तथा आर्थिक मुद्दामा जनतालाई 'कन्भिन्स' गर्नुपर्ने देखिएको छ । बाँस्कोटाले पनि आफूमाथि अनेकौं चुनौती खडा भएको र ती चुनौतीलाई पार गर्दै अर्को निर्वाचनमा जनतामाझ स्थापित शक्ति हुनेगरी कदम चालिने बताएकी छन् ।

'हाम्रासामु जनतामाझ पार्टीलाई मुद्दाका आधारमा स्थापित गराउने चुनौती छ । सामूहिक बलमा हामी सक्छौं,' महाधिवेशनबाट अध्यक्ष चयन भएपछि उनको अभिव्यक्ति उल्लेख गर्दै नेता प्रदीपचन्द्र परियारले बताए ।


समीक्षा बाँस्कोटा


रञ्जिता श्रेष्ठ


रुकमिणी चौधरी

बाँस्कोटा यसअघि ३० वैशाखमा भएको निर्वाचनमा काठमाडौं महानगरपालिकाको प्रमुखमा प्रतिस्पर्धा गरेकी थिइन् । तर, उनी पराजित भइन् । त्यसको करिब नौ महिनाछि पार्टीको नेतृत्वमा बाँस्कोटा पुगेकी हुन् । उनको दलको अर्को मुख्य कार्यकारी पद महासचिवमा पनि रञ्जु दर्शना चयन भएकी छन् । २०७४ सालको प्रतिनिधिसभा चुनावमा लोकप्रिय मत पाएकी उनी बाँस्कोटाको राजनीतिक सहयात्री हुने भएकी छन् ।

अध्यक्ष बाँस्कोटा मात्रै होइन, राजनीतिक दलको नेतृत्व सम्हाल्ने र निर्वाचनमा पार्टीलाई सफलतासमेत दिलाउने नेतृत्वको रूपमा छिन्- रञ्जिता श्रेष्ठ चौधरी । उनी (**बाँकी पृष्ठ २ मा**)

## विवेकशील साझाको अध्यक्षमा समीक्षा

**काठमाडौं (प्रस)–** विवेकशील साझा पार्टीको अध्यक्षमा समीक्षा बाँस्कोटा निर्वाचित भएकी छन् । शुक्रबार र शनिबार भएको पार्टीको महाधिवेशनबाट उनी सर्वसम्मतरूपमा अध्यक्षमा निर्वाचित भएकी हुन् । अधिवक्तासमेत रहेकी उनी यसअघि ३० वैशाखमा काठमाडौं महानगरपालिकाको प्रमुख पदमा प्रतिस्पर्धा गरेकी थिइन् । बाँस्कोटा गत जेठमा अध्यक्ष रवीन्द्र मिश्रले पदबाट राजीनामा दिएपछि पार्टीको नेतृत्वमा आएकी थिइन् ।

काठमाडौंको कमलादीस्थित प्रज्ञा भवनमा भएको महाधिवेशनले उनै बाँस्कोटालाई सर्वसम्मतिमै अध्यक्ष निर्वाचित गरेको हो । उनी पूर्वगृहराज्यमन्त्री दीपकप्रकाश बाँस्कोटाको छोरी हुन् । उनको दलको महासचिवमा रञ्जु दर्शना सर्वसम्मत नै निर्वाचित भइन् ।

महाधिवेशनबाट उपाध्यक्षमा प्रकाशचन्द्र परियार, विमला अधिकारी र मिलन पाण्डेलाई सर्वसम्मत चयन गरेको छ । सचिवमा पवित्रा थापा, विमल तामाङ र समुन्द्र केसी चयन भएका छन् । यस्तै, कोषाध्यक्षमा दामोदर नेपाल सर्वसम्मत चयन भए । यस दलको केन्द्रीय कार्यसमिति ५१ सदस्यीय रहने व्यवस्था छ । तर, त्यसबारे छलफल भने जारी छ ।

# चिकित्सकमाथि लाठी चार्ज गर्ने प्रहरी निलम्बित

■ प्रभाव संवाददाता

**काठमाडौं–** जिल्ला प्रहरी परिसर काठमाडौंले चिकित्सकमाथि लाठी चार्ज गर्ने वरिष्ठ हबल्दारलाई निलम्बन गरेको छ । शुक्रबार राष्ट्रपति विद्यादेवी भण्डारीको सवारीका बेलामा हिँडेको भन्दै राष्ट्रिय ट्रमा सेन्टरका वरिष्ठ अर्थोपेडिक सर्जन डा. जनिथलाल सिंहलाई लाठी चार्ज गर्ने वरिष्ठ हबल्दार शम्भुजंग गुरुङलाई शनिबार निलम्बन गरिएको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक सीताराम रिजालले चिकित्सकलाई लाठी चार्ज गर्ने प्रहरीलाई व्यावसायिकता, उत्तरदायित्व एवं जवाफदेहीताको कसीमा कारबाहीको प्रक्रिया सुरु भई निलम्बन गरिएको जानकारी दिए ।

चिकित्सक एवं सुरक्षाकर्मीबीच अन्योन्याश्रित एवं सन्निकट सम्बन्ध स्थापित भई नागरिकको सुरक्षा र उपचारमा २४सै घण्टा खटिने दुई जिम्मेवार संस्थाको सम्बन्धमा व्यक्तिका गैरव्यावसायिक कार्यका कारण समस्या उत्पन्न हुनु दुःखद् भएको प्रहरीले जनाएको छ । प्रवक्ता रिजालले प्रहरी कर्मचारी र नेपाल चिकित्सक संघ तथा अस्पतालमा कार्यरत चिकित्सकबीच उत्पन्न विवादको घटनाले अत्यन्त संवेदनशील बनाएको भन्दै परिस्थितिलाई सामान्यीकरण गर्न सबैमा अनुरोधसमेत गरेका छन् ।

**आज स्वास्थ्य सेवा बन्द**

नेपाल चिकित्सक संघले चिकित्सकमाथि भएको कुटपिटको विरोधमा आज आइतबार देशभरका स्वास्थ्य संस्थाको (**बाँकी पृष्ठ २ मा**)

# रेशम चौधरीको घरमा मुख्यमन्त्री शाह

**लम्की–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले टीकापुर घटनाको मुख्य अभियुक्तका रूपमा जेलजीवन बिताइरहेका नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीका परिवारलाई भेट गरेका छन् ।

शुक्रबार साँझ मुख्यमन्त्रीको पदभार ग्रहण गरेको भोलिपल्ट (शनिबार) कैलालीको जानकी-९ जगतपुरस्थित चौधरीको घरमै पुगेर परिवारका सदस्यालाई भेटघाट गरेका मुख्यमन्त्री शाहले रेशम लगायतकालाई जेलमुक्त गराउन आफू लागिपर्ने आश्वासन दिए ।

उनले उक्त घटनालाई राजनीतिक रूपमा नै समाधान खोजिनुपर्ने बताए । रेशम चौधरीकी ६८ वर्षीया आमा सुनफीदेवी चौधरीबाट आशिर्वाद लिँदै मुख्यमन्त्री शाहले भने, 'म पनि तपाईंको छोरा हो । चिन्ता नलिनुहोला । रेशमजीलाई छुटाउने म अथक प्रयास गर्ने छु ।'

मुख्यमन्त्री शाहलाई आशीर्वाद दिँदै सुनफीदेवीले भनिन्, 'आफूले सानो छँदा खेलाएको स्मरण गर्दै (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# रेमिट्यान्सको भरमा अर्थतन्त्र

■ प्रभाव संवाददाता


**काठमाडौं–** नयाँ संविधान जारी भएसँगै मुलुकमा राजनीतिक स्थिरता काम हुने र विकासको कार्यले गति लिने अपेक्षा गरिएको थियो । तर, राजनीतिक दलहरू सत्ता स्वार्थमा केन्द्रित हुँदा राजनीति अस्थिर बनिरहचो । अद्यापि त्यो कायम छ । सरकार कुनबेला ढल्छ भन्ने टुंगो छैन । भर्खरै सुदूरपश्चिम प्रदेश सरकार परिवर्तन भएको छ । प्रदेशसभाबाट विश्वासको मत नपाउँदा नेकपा एमाले नेतृत्वको सरकार गठन भएको एक महिनामै ढल्न पुग्यो र ठूलो दलको हैसियतमा नेपाली कांग्रेसले सरकार बनाएको छ । सुदूरपश्चिमको यो हावा संघ सरकारसम्म आइपुग्ने संकेत गरेको छ ।

यसरी राजनीति अस्थिर बन्दा मुलुकमा विकासका कार्यहरू लक्ष्यअनुसार अघि बढ्न सकेन । रोजगारीको अवसर सिर्जना हुन सकेन । जसको परिणाम नेपाली युवाहरू रोजगारीका लागि विदेशिन बाध्य छन् । अहिले दैनिक हजारभन्दा बढी नेपाली रोजगारीको खोजीमा विदेशिने गरेका छन् । वैदेशिक रोजगारीमा जानु नेपालीहरूको बाध्यता बनेको छ ।

यसरी वैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाउने रेमिटचान्सको रकमले मुलुकको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याइरहेको छ । अर्थतन्त्र धान्ने काम यसले गरिरहेको सरोकारवाला सबै स्वीकार गर्छन् । चालु आर्थिक वर्षमा सरकारले लक्ष्यअनुसार राजस्व संकलन गर्न सकेको छैन । यसले सरकारलाई खर्च व्यवस्थापनमा ठूलो चुनौती बनाइरहेको अवस्था छ ।

यता रेमिटचान्सको रकम भने सकारात्मक बनिरहेको छ । जसले अर्थतन्त्रलाई त्राण भर्ने काम गरिरहेको छ । चालु आर्थिक वर्षको छ महिनाभित्र मुलुकमा पाँच खर्ब ८५ अर्ब आठ करोड रूपैयाँ रेमिटचान्स (विप्रेषण) भित्रिएको छ । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा उक्त रकम बराबरको रेमिटचान्स भित्रिएको उल्लेख गरिएको छ ।

राष्ट्र बैंकले गरेको समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही समयको तुलनामा रेमिटचान्स आप्रवाह




२४.३ प्रतिशतले वृद्धि भई पाँच खर्ब ८५ अर्ब आठ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ५.० प्रतिशतले घटेको थियो । त्यस्तै अमेरिकी डलरमा विप्रेषण आप्रवाह १३.९ प्रतिशतले वृद्धि भई चार अर्ब ५० करोड पुगेको उल्लेख गरिएको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ५.७ प्रतिशतले घटेको थियो ।

चालु आवको पहिलो महिनादेखि नै रेमिटचान्स भित्रिने क्रम निरन्तर वृद्धि हुँदै आएको छ । पहिलो महिना साउनमा ९२ अर्ब २१ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको थियो । भदौमा ९४ अर्ब ८३ करोड, असोजमा ९४ अर्ब एक करोड, कात्तिकमा ९६ अर्ब नौ करोड, मंसिरमा एक खर्ब २४ अर्ब ६० करोड र छैटौं महिना अर्थात् पुसमा एक खर्ब चार अर्ब ५८ करोड रूपैयाँ बराबरको रेमिटचान्स भित्रिएको तथ्यांक छ ।

यो तथ्यांक वैदेशिक रोजगारीमा गएका तथा विदेशमा रहेका नेपालीले बैंकिङ च्यानलबाट पठाएका रकम हुन् । रेमिटचान्स भित्रिने क्रम बढ्दा मुलुकको विदेशी मुद्रा सञ्चितिमा ठूलो टेवा पुगेको छ । राष्ट्र बैकका अनुसार समीक्षा अवधिमा विदेशी मुद्रा सञ्चितिसमेत बढेको हो । अघिल्लो आवमा रेमिटचान्स घट्दा विदशी मुद्रा सञ्चितिमा दबाब परेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीको लागि विदेशिने नेपालीको संख्यामा पनि उच्चदरमा वृद्धि भएको छ । यसै कारण पनि रेमिटचान्स बढेको जानकारहरू बताउँछन् । यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या गत आवको सोही समयको तुलनामा ६४.६ प्रतिशतले बढेको छ । उक्त अवधिमा रोजगारीका लागि विदेशिनेको संख्या दुई लाख ७५ हजार ६४३ पुगेको वैदेशिक रोजगार विभागको तथ्यांक छ । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ९.५ प्रतिशतले वृद्धि भई एक लाख ४२ हजार ५४८ जना पुगेको छ ।

एकातिर रेमिटचान्सले अर्थतन्त्रलाई धान्नु सकारात्मक पाटो हो भने बाध्यात्मक वैदेशिक रोजगारीको अवस्था अन्त्य हुन नसक्नु दुःखद् भएको सरोकारवाला बताउँछन् । सरकारले बाध्यात्मक वैदेशिक रोजगारी अन्त्यका लागि योजना बनाएर प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा उनीहरूले जोड दिए ।




# 'राजनीतिक स्थायित्वका लागि बलियो गठबन्धन आवश्यक'

**घोराही (प्रस)–** नेपाली कांग्रेस केन्द्रीय सदस्य एवं पूर्वउपप्रधानमन्त्री प्रकाशमान सिंहले मुलुकमा बलियो गठबन्धन आवश्यक भएको बत(ाएका छन् ।

नेपाल प्रेस युनियन दाङले शनिबार घोराहीमा आयोजना गरेको पत्रकार सम्मेलनमा नेता सिंहले राजनीतिक स्थायित्वका लागि बा(लियो राजनीतिक गठबन्धनको खाँचो रहेको बताए । 'मुलुक र जनताको हितका निमित्त राजनीतिक समीकरण फेरबदल भइरहन्छन्, अब पनि आवश्यकताअनुसार राजनीतिक समीकरण बदलिनुलाई स्वाभाविक मान्नुपर्छ,' उनले भने ।

सुदूरपश्चिम प्रदेशमा सरकार फेरबदलको प्रसंग कोट्याउँदै नेता सिंहले अहिलेको गठबन्धन दिगोरूपमा जान नसकेको आरोप लगाए । संघीयतालगायत उपलब्धि कार्यान्वयनसँगै मुलुकको हितका लागि बलियो गठबन्धन आवश्यक भएको उनको भनाइ थियो ।

कांग्रेस प्रमुख प्रतिपक्षी दल भए पनि सरकारका राम्रा कामलाई साथ र सहयोग गर्ने उद्देश्यअनुसार नै प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दिएको उनले प्रस्ट पारे ।

## चिकित्सकमाथि लाठी...

पृष्ठ १ बाट जारी

आकस्मिकबाहेकका स्वास्थ्य सेवा ठप्प पार्ने निर्णय गरेको छ । संघले देशभरका सरकारी तथा गैरसरकारी, निजी, सहकारी स्वास्थ्य संस्था, अस्पताल, निजी तथा सरकारी मेडिकल कलेज, प्रतिष्ठानलगायतका सम्पूर्ण स्वास्थ्य संस्था तथा अस्पतालबाट प्रवाह हुने आकस्मिकबाहेकका अन्य सम्पूर्ण सेवाहरू बन्द गर्ने निर्णय गरेको हो ।

संघका अध्यक्ष डा. लोचन कार्कीले राष्ट्रिय ट्रमा सेन्टरका वरिष्ठ अर्थोपेडिक सर्जन डा.जनिथलाल सिंहलगायत अन्य चिकित्सक तथा स्वास्थ्यकर्मीहरू माथि प्रहरीले लाठी चार्ज गरी घाइते बनाएको घटनाप्रति संघले गम्भीर ध्यानकर्षण भएको बताए ।

स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रको शान्ति सुरक्षाका निम्ति आवश्यक व्यवस्थापन गर्न तथा सुरक्षाको नाममा भिभिआइपीको सवारीबाट आमसर्वसाधारणले पाइरहेको दुःख र सास्तीलाई सदाका लागि अन्त्य गरी उचित विधि स्थापित गर्न संघको कार्यकारिणी समितिको आकस्मिक बैठकले उक्त निर्णय गरेको प्रेस विज्ञप्तिमा उल्लेख गरेको छ ।

## रेशम चौधरीको...

पृष्ठ १ बाट जारी

आफ्नो छोरा रेशमलाई पनि जेलबाट छुटाएर यसरी नेता भएर आएको देख्न मन छ ।' मुख्यमन्त्री शाहले रेशमलाई जेलमुक्त गराउन आफूले सक्दो पहल गर्ने रेशमका सहोदर भाइ प्रकास चौधरीलाई आश्वासन दिए ।

टीकापुरको घटनाले सामाजिक सद्भावमा ठेस पुगेको उनको भनाइ थियो । मुख्यमन्त्री शाहले भने, 'टीकापुर घटनाले यस क्षेत्रको हरेक कोणबाट बदनाम गर्ने काम भइरहेको छ । वर्षौंदेखि मिलेर बसेको समाजमा फाटो ल्याउने काम भइरहेको छ । अब त्यो तपाईं हामी सबैले बुझ्नुपर्छ । सबै सजग हुनुपर्छ ।'

मुख्यमन्त्री शाहले शनिबारै नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष संघीय सांसद रञ्जिता श्रेष्ठसँग भेटवार्ता गरेका छन् । टीकापुरस्थित सिद्धार्थ होटलमा भएको घेटघाटमा वर्तमान राजनीतिक घटनाक्रमको बारेमा छलफल भएको मुख्यमन्त्रीका सचिवालय प्रमुख रामबहादुर विष्टले बताए । शाहले मुख्यमन्त्री भएपछि ३० दिनभित्र विश्वासको मत लिनुपर्छ । जसका लागि २७ सांसदको समर्थन चाहिन्छ । यसअघि नेकपा एमाले नेतृत्वको सरकार नागरिक उन्मुक्तिले साथ नदिएपछि एक महिनामै ढलेको थियो । शाहले विश्वासको मत पाउने दाबी गरिरहेका छन् । *रासस*

## दलीय नेतृत्वमा...

पृष्ठ १ बाट जारी

नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष हुन् । स्थानीय निर्वाचनमा कैलालीमा पहिलो दल बनाएकी उनको दल हाल संसद्मा चार जना सांसद छन् । मुख्यतः थरुहट आन्दोलन र टीकापुर घटनाका राजबन्दीलाई रिहा गर्न माग गर्दै स्थापित दल छोटो समयमै संसद्मा पुगेको हो । उनका श्रीमान् रेशमलाल चौधरी जेलमा छन् । सांसद अरुण चौधरी पनि जेलमै छन् । तर, पनि बिहीबार सुदूरपश्चिममा सरकार नै ढालिदिएको छ । एउटा शक्तिको रूपमा उदय भएको दललाई जनतामाझ स्थापित गराउनुपर्ने रञ्जितालाई पनि चुनौती छ ।

निर्वाचन आयोगका अनुसार अद्यावधिक भएका दलको विवरण ११६ वटा हो । यसमध्ये बाँस्कोटा र चौधरीसँगै अन्य थुप्रै महिलाले पनि राजनीतिक दलको नेतृत्व गरेका छन् । पूर्वसभासद रुक्मिणी चौधरी संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट) की अध्यक्ष हुन् । पहिलो संविधानसभामा समानुपातिक निर्वाचन प्रणालीबाट सभासद भएकी उनको दलले भने हरेक निर्वाचनमा कम जनमत पाउने गरेको छ । जनताबीचमा उनले आफ्नो दललाई चिनाउन सकेका छैनन् ।

कर्मा लामा तामाङ पनि नेपाल विवेकशील पार्टीकी अध्यक्ष हुन् । सुसंस्कृत राजनीतिको पक्षमा उभिएकी उनको दललाई निर्वाचनमा राजनीतिक लाभ भने मिलेन । तर, पनि उनी नेतृत्वको दल लगातार जनताको पक्षमा सरकारलाई खबरदारी गर्दै आएको छ । लामो समय उज्ज्वल थापा नेतृत्वको विवेकशील नेपालीमा रहेर राजनीति गरेको अनुभव पनि उनलाई छ । वैचारिकरूपमा उनी परिपक्व छिन् ।

यी दलहरू मात्रै होइन, निर्वाचन आयोगमा उमा श्रेष्ठ नेतृत्वको राष्ट्रवादी एकता पार्टी दर्ता छ । निलुकुमारी अध्यक्ष रहेको राष्ट्रिय विकास पार्टी पनि दर्ता छ । महिलाहरूले पछिल्लो समय राजनीतिक अधिकारका निम्ति दलहरूमार्फत संघर्ष गर्दै आएका छन् ।


**अनलाइन पत्रिका बन्द हुने सूचना**

**सूचना प्रकाशित मिति २०७९।१०।२७**

यस puraisamachar.com नामक अनलाइन पत्रिका पछि कुनै दायित्व बाँकी नरहने गरी बन्द गर्न लागिएको हुँदा तत्सम्बन्धमा कोही कसैको केही लेनदेन बाँकी बक्यौता भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाव मिलान गर्नुहुन अनुरोध गर्दछौं ।

**www.puraisamachar.com** परिवार



**कम्पनीको नाम परिवर्तन गारिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/१०/२५

यस कम्पनीको मिति २०७९/०९/२२ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनी **अल नेपाल प्रिन्टिङ प्रेस प्रा.लि. (प्रा.लि. नं. १६३१३६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१०/०५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गारी **गुडलक कृषि फार्म प्रा.लि.** कायम गारिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गाराईन्छ ।


# कर्मचारीको सम्पत्ति छानबिन गर्दै मेयर बालेन

■ प्रभाव संवाददाता



**काठमाडौं–** काठमाडौं महानगरपालिकामा कार्यरत उच्च कर्मचारीहरूको सम्पत्ति छानबिन हुने भएको छ । महानगर प्रमुख बालेन्द्र बालेन) शाहले कर्मचारीको सम्पत्ति छानबिन गर्न लागेका हुन् ।

महानगर प्रमुखमा निर्वाचित भएसँगै जनतासँग प्रत्यक्ष जोडिएका कामहरू जतिसक्दो चाँडो गर्न र कुनै पनि बहानामा जनताले दुःख नपाउनेगरी काम सम्पन्न गर्न उनले निर्देशन दिएका थिए । तर, महानगरपालिकामा अझै विभिन्न बहानामा जनतालाई दुःख दिने कार्य तथा भ्रष्टाचार बढिरहेको गुनासो बढेपछि मेयर बालेन कर्मचारीको सम्पत्ति छानबिन गर्नेतर्फ लागेका हुन् । महानगरपालिका विगतमा भ्रष्टाचारको अखडाका रूपमा आमनागरिकले चिन्दै आएका थिए । महानगरपालिकालाई ' भ्रष्टाचार शून्य नगर'का रूपमा स्थापित गर्न प्रमुख शाहले पदबहाली गरेसँगै अभियान सुरु गरिसकेका छन् ।

महानगरमा प्रमुख बन्नुअघिसम्म भ्रष्टाचारका विरुद्ध अभियान नै थालनी गरेका मेयर शाहले हाल आफ्नै कार्यालयबाट सुरु गर्न खोजेको महानगरका अधिकारीहरू बताउँछन् ।

महानगरपालिकाको नक्सा विभाग, सार्वजनिक निर्माण विभाग, वातावरण तथा कृषि विभाग एवं जिन्सी शाखालाई भन्सारका रूपमा चिनिँदै आइएको छ । ती विभागहरूले सेवाग्राहीसँग विभिन्न बहानामा आर्थिक फाइदा लिने गरेको र तिनै विभाग शाखामा कार्यरत कर्मचारीहरूको सम्पत्ति छानबिन सुरु गरी महानगरलाई भ्रष्टाचारमुक्त महानगर बनाउन शाह लागेका छन् ।

पछिल्लो समय महानगरपालिकामा अत्यधिक बजेट निकास हुने भएकाले वडास्तरमा कार्यरत कर्मचारीहरूसमेत कमिसनको लोभमा टेण्डर तथा कोटेसनका कामहरूमा बढी ध्यान दिन थालेकाले भ्रष्टाचार हुने कार्यालय र कर्मचारीका विषयमा गोप्य अनुसन्धान भइरहेको प्रमुख शाहको सचिवालयमा कार्यरत एक सदस्यले प्रभावलाई जानकारी दिए ।


नेपाल सरकार

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

सडक विभाग

सङ्घीय सडक सुपरिबेक्षण तथा अनुगमन कार्यालय

सडक डिभिजन सुर्खेत

सुब्बाकुना

**बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको सूचना**

(प्रकाशित मिति : २०७९।१०।२९)

यस सडक डिभिजनको सूचना नं. ५-०७९।८०, मिति २०७९।०८।२३ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको website मा प्रकाशित बोलपत्रको सूचनामा उल्लेखित अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरु मुल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| सि.नं. | ठेक्का नं. | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एससहित) |
|---|---|---|---|
| १. | TNNS/RDSKT/33701122-4/079/80-22 | M/S Anjana-YSS JV | १७७,२५८,९६४.०६ |
| २. | TNNS/RDSKT/33701017-4/079/80-23 | M/S K.S.K.-Shishir & Basanta JV | १९,१३९,५८९.७० |
| ३. | TNNS/RDSKT/33701115-4/079/80-24 | M/S Aajiwan/G.T./PS J.V. | ६५,३९८,६९३.७९ |
| ४. | TNNS/RDSKT/33701115-4/079/80-25 | M/S Aajiwan-G.T.-N.S. JV | ७९,६७५,५९९.९७ |

डिभिजन प्रमुख




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

माघ २९ गते, आइतबार

| | |
|---|---|
| **मेष** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **वृष** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **मिथुन** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **कर्कट** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **सिंह** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कन्या** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **तुला** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| **धनु** | असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कुम्भ** | परोपकारमा रुचि बढ्नेछ । |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

माघ २९ गते, २०७९, १२ फेब्रुअरी, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रैन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# कृषि शिक्षालाई व्यावहारिक बनाउन जोड

■ सत्य बटाला



**रुकुम पश्चिम**-आठबिसकोट नगरपालिकाले कृषिमा आत्मनिर्भरतासहित कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले सात दिने कृषि अवलोकन भ्रमण सञ्चालन गरेको छ । नगरपालिकाको कृषि क्षेत्रमा रहेको बजेटमार्फत जनप्रतिनिधि, अगुवा कृषक तथा कर्मचारीहरूको अन्तरजिल्ला भ्रमण गरिएको हो ।

पालिकाका किसानलाई सप्ताहव्यापी कृषि भ्रमणअन्तर्गत पोखराको हेम्जा गाई फार्म, कृषि अनुसन्धान केन्द्र बागवानी र तनहुँको राष्ट्रिय बाख्रा अनुसन्धान कार्यक्रम, चितवन ,सर्लाही र महोत्तरीलगायतका विभिन्न कृषि फार्महरूमा अवलोकन गराइएको छ । पालिकाका प्रत्येक वडाका एक किसान र एक जनप्रतिनिधिलाई अवलोकन भ्रमणमा सहभागी गराइएको नगरपालिकाका नायव पशु स्वास्थ्य प्राविधिक धनबहादुर आरसीले जानकारी दिए ।

कृषकलाई कृषिखेती, बीउ विजन उत्पादन, समय, मौसम, प्रविधि, तौरतरिका र गाई, भैंसी र बाख्रा पालनबारे केन्द्रका कर्मचारीले जानकारी दिएका थिए । सो अवसरमा कृषकहरूले अभिरुचिपूर्वक बागवानी कार्यालय हाताभित्र लगाइएका बाली बिरुवा, खेती, बोटबिरुवाहरूको अध्ययन अवलोकन भ्रमणका साथमा जिज्ञासा राखेका थिए । विद्यार्थीका जिज्ञासालाई बागवानी अधिकृत दुर्गादत्त पौडेलले सहजीकरण गरेका थिए ।

कृषि ज्ञानलाई सैद्धान्तिक मात्र नभई व्यावहारिक शिक्षा दिने उद्देश्यले गराइएको आठबिसकोटका नगरप्रमुख रवि केसीले जानकारी दिए । भ्रमणमा कृषकले प्रत्यक्ष अवलोकनमार्फत ज्ञान हासिल गर्न सफल भएका उनले बताए । भ्रमणमा आएका कृषक नन्दबहादुर बोहोराले भ्रमण उपलब्धिमूलक भएको बताए । उनले पहिलोपटक बागवानी आए पनि भविष्यमा कृषिमा नै केही गर्न सकिन्छ भन्ने उत्साह थपिएको बताए ।

यसैबीच नगर कार्यपालिकाको कार्यालय पशु सेवा शाखा तथा कृषि शाखाको सात दिने अवलोकन भ्रमण सम्पन्न भएको छ। भ्रमणका क्रममा सहभागी कृषकहरूले कास्की, तनहुँ, चितवन, सर्लाही, महोत्तरी र रूपन्देहीलगायतका जिल्लाका पशु तथा कृषिसम्बन्धी विभिन्न फार्महरूको अवलोकन गरेका थिए ।

नगरपालिका क्षेत्रमा भएका बेमौसमी तरकारी खेती, पशुपालनलगायत अन्य कृषि पेसामा आबद्ध किसानहरूलाई विभिन्न जिल्लाका कृषि फार्महरूको भ्रमण गराइएको छ । भ्रमणमा किसानहरूबीच व्यावसायिक खेतीसम्बन्धी छलफल, उत्पादनलाई कसरी बढी मूल्यमा बजारमा पुऱ्याउन सकिन्छ र कसरी व्यापारीबीच दिगो सम्बन्ध स्थापित गर्न सकिन्छ भन्ने विषयमा अन्तरक्रियासमेत गरिएको थियो ।

# अस्पताल निर्माण अधुरै

**खोटाङ-** जिल्लाको रावाबेँसी गाउँपालिका-२ खार्पास्थित १० शयचाको अस्पताल अधुरै छ । अस्पताल निर्माणका लागि गाउँपालिकाले तयार पारेको विस्तृत परियोयोजना प्रतिवेदन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वीकृत नगरेका कारण अस्पताल निर्माण अधुरै रहेको हो ।

प्रत्येक स्थानीय तहमा अस्पताल स्थापना गर्ने सरकारको नीतिअनुसार खार्पामा अस्पताल निर्माणका लागि सरकारले गाउँपालिकालाई नक्सा पठाएको थियो । सात करोड ५७ लाख ५१ हजार रूपैयाँको लागतमा ३७ महिनामा निर्माण सम्पन्न गर्नेगरी २०७८ असारमा महादेव खिम्ती-अन्जान रुजन जेभीले निर्माणको ठेक्का लिएको थियो । २०७७ मंसिर १५ मा स्वास्थ्य चौकीलाई १० शयचाको अस्पतालमा रूपान्तरण गर्नेगरी तत्कालीन प्रतिनिधिसभा सदस्य विशाल भट्टराई र तत्कालीन गाउँपालिका प्रमुख लीलानाथ निरौलाले भवनको शिलान्यास गरेका थिए ।

भवन निर्माणको करिब २० प्रतिशत काम सकिएपछि मापदण्डअनुसार डिपिआर नभएको पाइएको निर्माण कम्पनीका प्रतिनिधि ध्रुव श्रेष्ठले बताए । ९० लाख रूपैयाँ भुक्तानी निर्माण कम्पनीले लिइसकेको छ । गत जेठदेखि भवन निर्माण ठप्प छ । नयाँ डिपिआर स्वीकृत हुनेबित्तिकै काम अघि बढ्ने श्रेष्ठको भनाइ छ ।

रावाबेँसीसँगै जिल्लाका चार स्थानीय तहमा २०७७ मंसिरमा एकसाथ अस्पताल भवन शिलान्यास गरिएको थियो । अन्य स्थानीय तहमा पनि भवन निर्माणाधीन अवस्थामा छन् । साकेला र केपिलासगढी गाउँपालिकाले भने स्थानीयस्तरमा अस्पताल निर्माण गरिरहेका छन् । दिप्रुङ चुइचुम्मा, खोटेहाङ र बराहपोखरीमा हालसम्म अस्पताल नयाँ निर्माण हुन सकेको छैन । रासस


## चौधरी वायोसिस नेपाल प्रा.लि.स्वेच्छामा खारेज गर्ने वारेको लिक्वीडेटरको सूचना

चौधरी वायोसिस नेपाल प्रा.लि.को २०७९ साल पौष २९ गते वसेको वार्षिक साधारण सभावाट कम्पनी ऐन २०६३ को दफा १२६(१) को व्यवस्था अनुसार यस कम्पनीलाई स्वेच्छाले खारेज गर्ने निर्णय गरेको र दामासाही सम्वन्धी ऐन २०६३ वाट ईजाजत प्राप्त भेषराज न्यौपाने, अधिवक्ता (ईजाजत नं.२५२) लाई लिक्वीडेटर नियुक्ति गर्ने निर्णय गरेको व्यहोरा सम्वन्धित सवैको जानकारीकोलागि यसै सुचनाद्धारा सूचित गरिन्छ । स्वेच्छाले कम्पनीलाई खारेज गर्ने गरी भएको निर्णय अनुरुप यस कम्पनी उपर कुनै व्यक्ति, संस्थाको कुनै दावी लेनदेन भएमा यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र आफनो दावी तथा सो दावी प्रमाणीत गर्ने प्रमाण, कागजात सहित निम्न लिखित ठेगानामा दावी गर्नुहुन सुचित गरिन्छ । सो अवधि भित्र कुनै दावी पर्न नआएमा वा उक्त अवधि पश्चात कुनै दावी पर्न आएमा सो माथी कुनै कारवाही नहुने व्यहोरा पनि यसै सुचनाद्धारा सुचित गरिन्छ ।

**लिक्वीडेटर: भेषराज न्यौपाने, ईजाजत प्र.प.नं.२५२**
**स्थान: न्याय आवाज ल एशोसियटस, अनामनगर, काठमाण्डौ ।**
**फोन नं.४१०२५९२, मोवाईल नं.९८४१२८१३४१**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/१०/२५

यस कम्पनीको मिति २०७९/०९/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **गुडलक लिक्युर एण्ड बेभरेज सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. २०४९४८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१०/०५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **गुडलक रियल स्टेट एण्ड हाउजिङ प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय

## सडक डिभिजन,धनकुटा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०७९।१०।२९)

यस डिभिजनको मिति २०७९।०९।१७ गतेको आर्थिक दैनिक एवं (https/w.w.w.bolpatra.gov.np/egp) मा प्रकाशित सूचना नं. ०४-०७९।८०अनुसार (Single Stage Single Envelope)अन्तर्गत रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल वमोजिमका बोलपत्रदाताहरुको बोलपत्र न्यूनत्तम मूल्याँकित सारभूतरुपमा प्रभावग्राही भै स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३)को दफा २७(२)को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| सि.न. | ठेक्का नं. | छनौट भएका बोलपत्र दाताहरुको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| १ | RD-DKT/33701138/079/80-19 | श्री धर्मदेवी कन्स्ट्रक्सन प्रा.लि. धर्मदेवी-६,संखुवासभा | रु. १,०८,६२,३५०।०० |
| २ | RD-DKT/33701138/079/80-20 | श्री सुदिक्षा थुलुङ कन्स्ट्रक्सन धनकुटा-५ | रु. ५९,२७,३५०।०० |
| ३ | RD-DKT/33701138/079/80-21 | श्री लायन कन्स्ट्रक्सन कोशी-३,सुनसरी | रु. ३२,९४,२२५।०० |
| ४ | RD-DKT/337310113/079/80-22 | श्री कमला शान्ति निर्माण सेवा प्रा.लि.काठमाण्डौ | रु. ३५,१२,८८१।६५ |

डिभिजन प्रमुख

## फालेलुङ,गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प्रदेश नं.१
पाँचथर, नेपाल

### फालेलुङ गाउँपालिकाद्वारा जनहितमा जारी जानकारीमूलक सन्देश

**यस गाउँपालिका सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक तथा राजनीतिक पक्षको विकासमा निरन्तर रुपमा योजनाबाट तबरले कार्यसञ्चालन गर्दै आएको छ ।**
**आर्थिक, भौतिक र सामाजिक पक्षको विकासका साथै मानवीय पक्षको विकासलाई एकैसाथ लैजान अपरिहार्य हुन्छ । आजको बालबालिकाले नै भविष्यमा समाजको नेतृत्व गर्दै समृद्ध समाज निर्माणमा सहयोग गर्छन् । बालबालिकाहरुका लागि आवश्यक पर्ने सेवाहरुको गुणस्तरमा सुधार ल्याई बालअधिकार सुनिश्चित गर्न बालबालिकाहरुलाई वर्तमानमा नै साझेदार बनाई सभ्य र दक्ष जनशक्तिसहितको समृद्धि बनाउन बालबालिकाहरुमा लगानी गर्दै बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गर्न २०७६ पुसबाट बालमैत्री स्थानीय शासन घोषणान्मुख अभियान यस गाउँपालिकामा सञ्चालन भई रहेको हामीलाई सर्वविदितै छ ।**

- जन्मदेखि ६ महिनासम्मका बालबालिकाहरूलाई अन्य कुरा नखुवाई आमाको दुधमात्र खुवाऔं ।
- सबै बालबालिकाहरूलाई पोषणयुक्त खानेकुरा खुवाऔं ।
- ५ वर्ष मुनिका बालबालिकाहरूलाई भिटामिन ए र जुकाको औषधी खुवाऔं ।
- गर्भवती आमाहरूलाई गर्भावस्थामा नियमित ४ पटक गर्भजाँच र प्रसुति पनि स्वास्थ्य संस्थामा नै दक्ष स्वास्थ्यकमीबाट गराऔं ।
- सुत्केरी पश्चात आमा र नवजात शिशुको तीन पटक स्वास्थ्य जाँच अनिवार्य गराऔं (२४ घण्टामा, ३ दिनमा र ७ दिनमा) ।
- गर्भावस्थामा र सुत्केरी भएको पैतालिस दिनसम्म २२५ वटा आइरन चक्की नबिर्सि खुवाऔं ।
- चर्पीको प्रयोग गरौं, खाना पकाउन र खान अगाडि दिसा गरेपछि, बालबालिकाको दिसा धोएपछि, साथै फोहोर बस्तु छोएपछि साबुन पानीले मिचीमिची हात धुने बानी बसालौं ।
- पाँच वर्ष पुगेको सबै बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय भर्ना गराऔं ।
- आफ्ना छोरीछोरालाई कम्तिमा पनि कक्षा आठसम्मको शिक्षा दिऔं ।
- आफू र आफ्ना बालबालिकाहरूको सरसफाईमा विशेष ध्यान दिऔं ।
- घरपरिवारमा र समुदायमा हुने निर्णय प्रक्रियामा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता गराउँदै आफ्ना छोरीछोराहरूलाई जिम्मेवार बन्ने अवसरको सृजना स्वयम् अभिभावकहरू आफैँबाट सुरूवात गरौं ।
- स्थानीय तहका सबै क्षेत्र र निकायहरूमा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता गराई बाल अधिकारको सुनिश्चितता गरौं ।
- बालमैत्री संरचना र पूर्वाधारको निर्माण गरौं ।
- छोरीछोरालाई पूर्णरूपमा बालमैत्री वातावरणमा हुर्कने अवसर प्रदान गरौं र बालमैत्री स्थानीय शासनयुक्त यस गाउँपालिका बनाउँदै सम्भयताको परिचय दिऔं ।

## Kakani Rural Municipality

**Office of Rural Municipal Executive**
**Ranipauwa, Nuwakot**
**Bagamati Province, Nepal**

### (Notice No.11/Kakani/079-80)

Date of publication: 2079-10-29

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive, Ranipauwa Nuwakot invites open Competitive Bidding From Eligible Bidders for the following works under National Competitive Bidding Bidders for the following works under National Competitive Bidding.

| IFB No. | Contract no. | Description and location of works | Estimate amount (Excluding VAT NRs) | Bid Security Amount, NRs. | Bid Validity period/ Bid Security Validity period | Price of Bid Document, NRs. |
|---|---|---|---|---|---|---|
| 11/Kakani/ 079-80 (1) | 11/Kakani/wss/ 079-80 | Ranipauwa Water Supply | 3348736.72 | 120000 | 90 days/120days | 3000. |
| 11/Kakani/ 079-80 (2) | 12/Kakani/wss/ 079-80 | Water SuplyBiruwa | 1569677.04 | 60000 | 90 days/120days | 3000. |
| 11/Kakani/ 079-80 (3) | 13/Kakani/Road/ 079-80 | Upgrading Of ChisodharaPadali Rural Road Ward No 1 | 4278414.20 | 150000 | 90 days/120days | 3000. |

2. Bid Purchase, Pre Bid Meeting, Bid Submission and Bid Opening Dares are sa given below.

| IFB No. | Pre Bid Meeting | Last Date of Bid Purchase | Last Date of Submission | Bid Opening Date And Address | Details of Bank For deposit of Cost for Bid Document | Details of Bank for Cash Deposit for Bid Security |
|---|---|---|---|---|---|---|
| | 2079/11/19 | 2079/11/29 within office Hour | 2079/11/3012:00 Hrs. | 2079/11/30,13:00 Hrs. at office of municipal executive, Kakani, Ranipauwa | Name of the Bank: Agricultural Development Bank. Ranipauwa Branch Office Account no: 0213401251034093 (Kakani rural municipality Rajaswo khaata) | Name of the Bank: Agricultural Development Bank. Ranipauwa Branch deposit Account no:0213401251034042 Name of the Office : Kakani rural municipality,Office of municipal Executive, Ranipauwa,Nuwakot |

3. Bid Documents shall be download from e-GP portal of PPMO's website: **www.bolpatra.gov.np/egp** Bidders submitting their bid electronically, shoulddeposit the cost of biding document in the office's RajaswoKhata as specified above and The scanned copy (pdf format) of the Bank deposits voucher shall be uploaded by bidder at the time of electronic submission of the bids.
4. Eligible Bidders are advisedto visit e-GP portal of PPMO'S website : **www.bolpatra.gov.np/egp** further Details or may Contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa,Nuwakot,Telephone :010-411022 and mailing Address: **ito.kakanimun@gmail.com .**
5. If the last date of purchasing, submission and opening falls on a government Holiday then the next working day shall be considered as the last day whereas the bank guarantee shall be counted from the submission date as specified on above table.
6. Any amendment in the tender notice will be published in official website a kakani rural Municipality Office of Municipal Executive Ranipauwa, Nuwakot and e-GP portal of PPMO Website : **http://www.bolparta.gov .np/egp.**
7. Matters not covered by this notice shall be in accordance with public procurement ACT-2063 and public procurement regulations-2064 and prevailing regulations and latest amendment.

**Chief Administrative officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ठगी नियन्त्रणमा असफल

वैदेशिक रोजगारीका नाममा सर्वसाधारण ठगिने घटना नयाँ होइन । वर्षौंदेखि हुँदै आएको यस्तो घटना अनियन्त्रित बनेको छ । अहिले पनि यस्ता ठगीमा संलग्नहरू पक्राउ परिरहेका छन् । नेपाल प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले विभिन्न व्यक्तिहरूलाई पक्राउ गर्ने क्रम पछिल्ला दिनहरूमा पनि चलिरहेको छ । यस्ता ठगीका घटना नियन्त्रणमा सरकार असफल देखिएको छ ।

ठगीमा संलग्नहरूले कतार, क्रोएसिया, साइप्रस र अमेरिकालगायतका देशमा पठाइदिने भन्दै अकर्षक आम्दानीको प्रलोभनमा पारी रकम ठगी गरेको खुलेको छ । विदेशमा आकर्षक तलब प्राप्त हुने लोभमा फस्दा नेपालीहरू दैनिकजसो ठगिँदै आएको वैदेशिक रोजगार विभागकै अधिकारीहरू स्वीकार गर्छन् । पछिल्लो समय ठगीका घटना बढ्दै गएको देखिन्छ । विभागले चालु आर्थिक वर्षको पाँच महिनाको अवधिमा एक हजार १९० वटा ठगीका उजुरी परेको उल्लेख गरेको छ । उजुरी परेकामध्ये १७० वटा मुद्दालाई मिलापत्र गराई आठ करोड ५१ लाख ५३ हजार रूपैयाँ क्षतिपूर्ति दिलाएको विभागले जनाएको छ ।

विभागमा यस्ता थुप्रै उजुरी पर्ने गरेको र नेपाल प्रहरीको समन्वयमा ठगीमा संलग्नहरूलाई पक्राउ गरिरहेको विभागको भनाइ छ । यद्यपि, विभागले पक्राउ परेकाहरूबाट पीडितलाई क्षतिपूर्तिसमेत दिलाउँदै आएको छ । तर, यस्तो ठगीमा संलग्नहरूमाथिको कारबाहीलाई प्रभावकारी बनाउन सकेको देखिँदैन । ठगीमा संलग्नहरूको जालो तोड्न कडा नीतिका साथ अगाडि बढ्नुपर्ने जरुरी देखिन्छ ।

वैदेशिक रोजगारी नेपाली युवाहरूका लागि बाध्यात्मक बनेको छ । स्वदेशमा रोजगारीको अवसर नपाउँदा उनीहरू विदेसिन बाध्य छन् । तर, बाध्यतालाई लिएर विदेसिन खोज्दा धेरै सर्वसाधारण दलालको फन्दामा पर्ने गरेका छन् । उनीहरूबाट दलालले ठूलो रकम असुलेर फाइदा लुट्ने गरेका घटनाहरू बारम्बार बाहिर आइरहन्छ । अझ युरोप, अमेरिकालगायत विकसित मुलुकमा पठाउने नाममा लाखौं पैसा असुलिन्छ । यस्ता ठगीका घटना नियन्त्रणमा आउन नसक्नु निकै गम्भीर विषय हो ।

मुलुकको अर्थतन्त्र वैदेशिक रोजगारीमा गएका श्रमिकहरूले पठाउने रेमिटचान्सबाट धानेको कुरा कतै लुकेको छैन । मुलुकका शासकहरूले पनि यो तथ्यलाई नकार्न सकेका छैनन् । तर, यही वैदेशिक रोजगारीका नाममा मौलाइरहेका ठगीधन्दा नियन्त्रण गर्न नसक्नु राज्यको निरीहता हो । त्यसो त वैदेशिक रोजगारीले मुलुकको अर्थतन्त्र धानेको छ भन्नु एकातर्फ राम्रो सुनिए पनि यो दीर्घकालीन समाधान होइन । सरकारले स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्न सके युवाहरू विदेशिन बाध्य हुने थिएन । आफ्नै देशमा योग्यताअनुसारको सेवा सुविधा पाए किन विदेशिनु ? जब स्वदेशमै रोजगारी अवसर सिर्जना हुन्छ, माथि उल्लिखित ठगीका घटनाहरू आफैं न्यूनीकरण भएर जान्छ । साथै, मुलुकको अर्थतन्त्रलाई दीर्घकालीनरूपमा अगाडि बढाउन पनि यो आवश्यक छ ।

मुलुकमा व्यवस्था फेरिए पनि अवस्था फेरिएको छैन । राजनीतिक स्थिरता नहुँदा मुलुकको विकासले सही दिशा समात्न सकेको छैन । जसले गर्दा जनतामा निराशा र वितृष्णा बढेको हालै सम्पन्न आमनिर्वाचनमा देखिएको छ । त्यसैले सबै राजनीतिक दल तथा सरकारले अब राजनीतिक स्थायित्व कायम गर्दै विकासलाई अगाडि बढाउने प्रतिबद्धता कार्यान्वयनमा ल्याउन जरुरी छ । निर्वाचनमा गरिएका वाचाहरू पूरा गर्ने हो भने वैदेशिक रोजगारीका लागि सोच्नै पर्दैन, र वैदेशिक रोजगारीका नाममा कोही ठगिनुपर्ने अवस्था रहने छैन ।

## मननयोग्य

### चाणक्य नीति

तपाईको कुरा सत्य हो, चन्द्रगुप्तप्रति मेरो अनुराग उहाँ पनि मलाई प्यार गर्नुहुन्छ तर म पनि चाणक्यसँग डर मान्छु चाणक्य युगका चतुर कूटनीतिकै भाग नहोस् ?

हुन सक्छ, तर उनका चेहरा कुराका इसले यस्तो प्रतीत भएको देखिएन ।

हेलनले भनिन्- 'के धर्म यो सम्बन्धमा बाधक त बन्दैन ? त म सम्झन्छु चाणक्यसँग बहस गर्न कोही पनि अगाडि पर्दैन, उनको आँखा र वाणीमा यस्तो तेज छ कि विपक्षी टिक्नै सक्तैन', सत्यकसले भने ।

यता चाणक्यले चन्द्रगुप्तको मन्तव्य पनि जाने । चन्द्रगुप्तको अन्तिम ईच्छा जानी हेलेनसँग विवाह हुने आशा प्रकट गरिदिए ।

यसरी इतिहासको यो अद्वितीय क्षणको स्वीकृति दुवैतिरबाट भयो । दुवै पक्षको स्वीकृति थियो यो घटनाको तर मगधका पजामा जब यसको चर्चा भयो । मानिसका विचारधारा अलग-अलग थिए, एक विजातीय कन्यासँग विवाह ? त्यो पनि मगध सम्राटसँग ? धर्मका कट्टरपत्थी विद्रोह गर्न थाले । प्रजामा कानेखुसी भइरहन्थ्यो ।

चाणक्यलाई यो सबै थाहा थियो । चन्द्रगुप्त यस्तो परिस्थितिले चिन्तित भए तर चाणक्य सधैँजस्तै रहस्यमय शान्ति लिई बसेका थिए ।

चाणक्यले घोषणा गरे- 'जुन प्रजालाई यो विवाह उचित छैन भन्ने लागेको छ । । तीन दिनपछि आफ्नो तर्कसँगै राजदरबारमा उपस्ति हुनु, हामी खुला सभामा त्यो आपत्तिमा न्यापूर्वक निर्णय गर्छौं ।

अनि तीन दिनपछि ठूलो पानीमा भीड जम्मा भयो । पटागिनीमा एक आश्चर्यलाग्दो स्वर थियो । केही पण्डित मानिसलाई आफ्ना तर्क सम्झाउने प्रवास गर्दै थिए । क्रमश :

# जलनको प्राथमिक उपचार



डा.रोजिना शिल्पकार

आगोको ज्वाला, तातो झोल पदार्थ, तातो वस्तुको सम्पर्कबाट हुने पोलाइ, विद्युतीय झट्का र रासायनिक पदार्थ छोइएर हुने चोटहरूलाई 'जलन' भनेर बुझिन्छ । नेपालमा जलनको समस्या प्रत्येक वर्ष, विशेषगरी जाडो मौसममा धेरै हुने गरेको देखिन्छ । जलनको उपचार कठिनाइपूर्ण, खर्चिलो र समय लाग्ने हुँदा यसले नेपालजस्तो आर्थिकरूपमा कमजोर मुलुकलाई गम्भीर असर पार्न सक्छ ।

कुनै पनि चोटपटक लागेको अवस्थामा वा कुनै रोगमापरेकालाई जीवन बचाउनका लागि गरिने तत्कालिक उपचार तथा समस्याबाट प्रभावित कुनै पनि व्यक्तिलाई तत्काल दिइने सहायतालाई प्राथमिक उपचार भनिन्छ । साथै, रोगको अवस्था बिग्रनबाट रोक्न गरिने उपचारलाई पनि प्राथमिक उपचार भनिन्छ ।

सामान्यतया जलन हुनेबित्तिकै घाउ बिग्रन नदिन वा जलनको बिरामीलाई थप खतराबाट मुक्त गर्नका लागि तत्कालै गरिने उपचारलाई प्राथमिक उपचार भनिन्छ । सबै प्रकारका जलनको पूर्ण उपचार स्वास्थ्यचौकीमा मात्र सम्भव नहुन सक्छ । सानोतिनो जलनका बिरामीहरू प्राथमिक उपचारपश्चात् घर फर्कन सक्छन् । तर, जलन गहिरो भएमा त्यस्तो बिरचामीलाई थप उपचारका लागि अस्पतालमा पठाउनुपर्ने हुन्छ । यस्तो बेलामा बिरामीको घाउ सफा गरी वा अन्य आवश्यक प्रारम्भिक उपचार गरी थप उपचारका लागि अस्पताल पठाउनुपर्छ । जलनको प्राथमिक उपचारका लागि तत्कालै निम्न कुराहरू गर्नु पर्दछः

- प्राथमिक उपचार सुरु गर्नुअघि जलनमा परेका व्यक्तिलाई जलनबाट उद्धार गर्नु पर्दछ । यसका लागि सर्वप्रथम जलिरहेको व्यक्तिलाई जलनको स्रोतबाट हटाइ सुरक्षित स्थानमा पुर्‍याउनुपर्दछ । तर, जलन भएको अवस्थामा आत्तिएर दगुर्नु हुँदैन ।
- जलेको पोलाइलाई कम गर्न जलन हुनेबित्तिकै जलनको घाउमा चिसो पानी खन्याउनुपर्छ । यसरी जलेको भागमा लगभग आधाघण्टा लगातार चिसो पानी खन्याउँदा जलनको कारण उत्पन्न भएको पोलाइ चिसो गराउँछ भने यसले जलनको गहिराइ र फैलावटलाई पनि रोक्ने कार्य गर्दछ । तर, यस्तो भागमा आइस/बरफको प्रयोग गर्नु हुँदैन । स-साना बालबालिका र वृद्धवृद्धामा जलन भएको अवस्थामा उनीहरूको शरीरलाई न्यानो राखी जलन भएको भागमा मात्र पानी खन्याउनुपर्दछ ।
- रासायनिक पदार्थको सम्पर्कबाट भएको जलनको परिप्रेक्ष्यमा जलेको ठाउँमा धेरै र छिटोछिटो पानी खन्याएर रासायनिक तत्त्वहरू हटाउनुपर्दछ । उदाहरणका लागि यदि शरीरको कुनै भागमा एसिड परेर जलन भएको छ भने उक्त भागमा सकेसम्म धेरै पानी खन्याउनुपर्दछ ।
- जलन भएको भागलाई सफा कपडाले छोपेर यथाशीघ्र अस्पताल लैजानुपर्छ ।
- कतिपय स्थानमा जलन भएको भागमा माटो, गोबर वा दाँत माझ्ने मञ्जन लगाउने गरिन्छ । तर, यस्तो गर्नु हुँदैन । यसले घाउ संक्रमण हुने सम्भावना हुन्छ ।
- जलनको समस्या सामान्यदेखि गम्भीर प्रकारका पनि हुन्छन् । सामान्य जलनलाई घरमा वा स्वास्थ्यचौकीमा उपचार गर्न सकिन्छ । तर, गम्भीर प्रकृतिका जलनलाई आपत्कालीन उपचार चाहिन्छ र यस्तो प्रकारका जलन प्रभावित व्यक्तिलाई अस्पतालमा नै पठाउनुपर्ने हुन्छ ।

प्राथमिक उपचार सुरू गर्नुअघि जलनमा परेका व्यक्तिलाई जलनबाट उद्धार गर्नु पर्दछ । यसका लागि सर्वप्रथम जलिरहेको व्यक्तिलाई जलनको स्रोतबाट हटाइ सुरक्षित स्थानमा पुर्‍याउनुपर्दछ । तर, जलन भएको अवस्थामा आत्तिएर दगुर्नु हुँदैन । जलेको पोलाइलाई कम गर्न जलन हुनेबित्तिकै जलनको घाउमा चिसो पानी खन्याउनुपर्छ । यसरी जलेको भागमा लगभग आधाघण्टा लगातार चिसो पानी खन्याउँदा जलनको कारण उत्पन्न भएको पोलाइ चिसो गराउँछ भने यसले जलनको गहिराइ र फैलावटलाई पनि रोक्ने कार्य गर्दछ । तर, यस्तो भागमा आइस/बरफको प्रयोग गर्नु हुँदैन ।

### प्राथमिक उपचार गर्ने तरिका

मानौं एकजना गृहिणी महिलाले खाना पकाउँदा उनको सारीमा आगो टिपेर दुवै खुट्टा पुरै जल्यो भने सर्वप्रथम त उनको शरीरमा लागेको आगो निभाउनुपर्दछ । यसका लागि जलिरहेको व्यक्तिलाई भुइँमा लडिबुडी गर्न लगाइ आगो निभाउन सकिन्छ वा उनको शरीरमा कम्बल वा सुतीको कपडाले छोपेर आगो निभाउनुपर्दछ । त्यसपछि जलेको भागमा लगभग ३० मिनेट जति चिसो (बगिरहेको पानी) खन्याउनुपर्दछ र ढिलो नगरी बिरामीलाई तुरुन्त नजिकको स्वास्थ्य संस्थामा लैजानुपर्छ । यदि बिरामीलाई गाउँकै स्वास्थ्यचौकीमा लगिएको छ र बिरामीको जलनको घाउ ठूलो छ भने स्लाइन पानी दिँदै सकेसम्म छिटो अस्पताल पठाउनुपर्दछ । यदि जलनको घाउ सामान्य भएको अवस्थामा प्राथमिक उपचारका लागि स्वास्थ्यचौकीका स्वास्थ्यकर्मीले निम्न कुराहरू गर्नु पर्दछः

- सर्वप्रथम बिरामीलाई सफा स्थानमा सुताउने ।
- जलन भएको भाग नजिक कुनै कपडा वा गहना भए सुस्तरी हटाउने, तर यसलाई जबरजस्ती तरिकाले हटाउनु हुँदैन । जबरजस्ती हटाउन खोजिएमा यसले बिरामीको घाउमा अधिक क्षति पुर्‍याउँछ ।
- जलनको घाउ छिट्टै संक्रमण हुनसक्ने हुँदा जलेको भागलाई सफा कपडाले छोप्ने वा सफा ड्रेसिङ लगाउने ।
- संवेदनशील भाग जस्तैः टाउको, घाँटी, मेरुदण्ड, छाती, पेट र यौनांगहरूमा जलन भएको छ भने यस्तो जलन उपचारका लागि विशेष सेवाको आवश्यक पर्ने हुँदा तत्कालै अस्पताल पठाउने ।
- जलेको प्रतिशत र जलनको कारण वा प्रकारको सही आकलन गर्ने ।
- आवश्यकताअनुसार स्लाइन पानी दिने ।
- आवश्यक परेमा वा बिरामी आफैंले पिसाब गर्न नसक्ने स्थिति छ भने वा उक्त भागमा जलन भएको छ भने पिसाबको पाइप (फोलिज क्याथेटर) राख्ने ।
- आवश्यकताअनुसार जलनको दुखाइ कम गर्ने औषधि दिने ।
- यदि सास फेर्न कठिनाइ भएको छ भने र अनुहारमा जलन भएको छ भने अक्सिजन दिने ।
- यदि गम्भीर प्रकारको जलन भएको छ भने माथि उल्लेख गरिएको व्यवस्थापनपश्चात् बिरामीलाई अस्पताल पठाउने ।

यदि छालाको सतहमा मात्र जलन भएको छ र यसको फैलावट पनि छैन भने स्वास्थ्यचौकीमा प्राथमिक उपचार गरी बिरामीलाई घर पठाउन सकिन्छ । ड्रेसिङ गर्नका लागि बिरामीलाई स्वास्थ्यचौकीमा बोलाउनुपर्दछ वा बिरामीको हेरालुलाई ड्रेसिङ गर्ने तरिका सिकाएर घरमै ड्रेसिङ गर्ने व्यवस्था मिलाउन सकिन्छ ।

***(लेखक सुष्मा कोइराला मेमोरियल अस्पताल, साँखुमा सर्जनको रूपमा कार्यरत छिन्)***

## पत्र-मञ्जुषा

# गरिबको समस्या कसले सुन्ने ?

काठमाडौं उपत्यकाभित्र अझै पनि धेरै ठाउँमा फुटपाथ व्यवसायी देखिन्छन् । दुई सयदेखि एक हजार रूपैयाँसम्म लगानी गरेर फुटपाथमा पसल थाप्नेहरूको संख्या यत्तिकै छ । आफूसँग जति लगानी गर्ने क्षमता छ त्यतिको नै सामान राखेर व्यवसायी गर्न बसेका छन् । दुई सय रूपैयाँको सामान बेच्दा कतिचाँहि नाफा हुन्छ ? पचासदेखि १०० रूपैयाँ नाफा हुन्छ । हजारको सामान बेच्न सक्यो भने २०० रूपैयाँ नाफा होला । नाङ्लोमा व्यापार गर्न बसेकाहरू एउटै लुगामा भेटिन्छन् ।

जहिले त्यही ठाउँमा त्यही लुगामा देखिन्छन्, उनीहरू । सामानको मूल्यभन्दा बढी रकम यिनीहरूले लिँदैनन् । जति सामानको मूल्य हो त्यतिमा नै बेच्छन् । गरिब भए पनि बाटामा बसेर नाङ्लोमा व्यापार गर्नेहरू नैतिकता छोड्दैनन् । कसैले गरिब देखेर बढी रकम दिए पनि उनीहरू लिँदैनन् । यसरी व्यापार गर्नेहरूलाई वित्तीय संस्थाले समेत कर्जा दिँदैन । धितो नभएपछि बैंक, फाइनान्स र सहकारी पन्छि हाल्छन् । यता, व्यापारीहरूले सामान बेचिसकेपछि पैसा देऊ भनेर भन्दैनन् । जति नाफा आउँछ त्यसमै गुजारा गरिरहेका छन्, उनीहरू ।

यिनीहरू पनि कोठा भाडामा लिएर बसेका छन् । एउटा खाट नअट्ने कोठाको अहिले चारदेखि पाँच हजार पर्छ । महँगी दिनानुदिन बढिरहेको छ । अनि बाटामा सामान बेचेर खानेहरूले कसरी कोठा भाडा तिर्ने ? भोको पेट कसरी भर्ने ? यति जाबो कमाएर कसरी खाने ? बालबच्चा कसरी पढाउने ? सरकारले सरकारी कर्मचारीलाई मात्र महँगी बढेको जस्तो गर्छ । अरु जनता सरकारको आँखामा पर्दैनन् । उनीहरूले कसरी गुजारा गरिरहेका छन्, कसैलाई थाहा छैन ।

सरकारले वर्षैपिच्छे सरकारी कर्मचारीको तलब बढाउँछ । महँगीभत्ता भने छुट्टै पाउँछन् । यतिले पनि नपुगेर सरकारी कर्मचारीहरू भ्रष्टाचार गर्छन् । तर, यी गरिबले कसलाई लुटेर खाने ? गरिबले गरिबलाई लुट्ने कुरा भएन । धनीले गरिबलाई चुस्न छोड्दैन् । गरिब आधारभूत आवश्यकताबाट समेत वञ्चित छन् । गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्यलगायतका आधारभूत अधिकार नै उनीहरूले पाउन सकेका छैनन् । पैसा हुनेका लागि यहाँ जे पनि छ ।

तर, नहुनेका लागि बिहानबेलुका भाडामा हाल्ने पनि केही छैन । खान नपाएपछि मान्छेले चोरी, डकैती गर्नेजस्ता काम गर्छन् । महँगीले सीमा नाघिसकेको छ । जनताहरू खान नसक्ने अवस्थामा पुगिसकेका छन् । व्यापारीले मनलाग्दी सामानको भाउ बढाएका छन् । घरबेटीले महिनैपिच्छे कोठा बहाल बढाउँछ । यातायात व्यवसायीहरूले वर्षमा चारचोटि भाडा बढाउँछ । त्यसले पनि नपुगेर सरकारले तोकेकोभन्दा बढी भाडा असुल्ने गरेको छ । तर, अधिकांशको तलब बढेको छैन ।

निजी क्षेत्रमा काम गर्ने, घरयसी काममा जोडिएकाहरू, होटल, रेस्टुरेण्टमा काम गर्नेको पनि तलब बढेको छैन । यातायातका सहचालकहरूको पनि वर्षौंदेखि तलब बढेको छैन । सहकारीमा बजार प्रतिनिधि गर्नेहरू पनि वर्षौंदेखि उही तलबमा काम गरिरहेका छन् । अनि मान्छे कसरी बाँच्ने ? घरायसी काम गर्नेहरू अझै पनि महिनाभर तीनदेखि पाँच हजार रूपैयाँ पाउँछन् । बिहानबेलुकाको भाँडा माझ्ने, लुगा धुने र घर पुसिदिनेले जम्मा यति तलब पाउँछन् ।

एउटा सहकारीमा बजार प्रतिनिधिको काम गर्नेले मासिक सातदेखि आठ हजार पाउँछन् । बिहान ९ बजेदेखि बेलुका ६ बजेसम्म खटिन्छन्, बजार प्रतिनिधि । १० देखि १५ हजारमा मासिक काम गर्नेहरू थुप्रै छन् । निजी पसलहरूले बढीमा यो सीमामा तलब दिने गरेको छ । यति जाबो आम्दानीले के गर्ने ? एक सय रूपैयाँको सागले एक छाक टर्दैन । खसीको मासु किलोकै १५ सय रूपैयाँ पुगिसकेको छ । कुखुराको मासु खान मनलाग्यो भने ५०० रूपैयाँ खर्चिनुपर्छ ।

दही, दुध, गेडागुडी, दाल, चामल, खानेतेललगायत अन्य सामग्रीको हप्तैपिच्छे मूल्य बढ्छ । आर्थिक कमजोर हुनेहरूले १६ सय रूपैयाँ पर्ने चामल खान्थे । चामलमै नुन हालेर जाउलो बनाएर त खान पाउँथे । तर, अहिले सोही चामल २२ सय रूपैयाँ पुगेको छ । एकातिर सामानको तौल घटेको छ, मूल्य बढेको छ ।

गरिब जनताको यो समस्यामा सरकार बेखबर बनिरहेको छ । दलहरू सत्ताको खेलमा छन् । जनताको समस्या सम्बोधन गर्ने कहिले ? सरकार र दलहरू यसमा जिम्मेवार बनन् पर्दैन र ?

*– तीर्थ खत्री, काभ्रेपलाञ्चोक*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# बागलुङ–बेनी सडक जीर्ण



**गलकोट–** बागलुङबाट रत्नेचौर हुँदै बेनी पुग्ने सडक जीर्ण अवस्थामा छ । उक्त सडकमा जताततै खाल्डाखुल्डी छन् । सडकमा नालीसमेत बनेको अवस्था छैन । कालोपत्र उप्किएको छ । कतै सडक धुलाम्मे छ ।

बांगेचौरबाट रत्नेचौरसम्मको ११ किलोमिटर सडक बर्सेनि मर्मत गरिन्छ । तर, बाढी र पहिरोले कालोपत्र बगाएको छ । रत्नेचौरबाट बेनीसम्मको छ किलोमिटर सडकको कालोपत्र उप्किएर खाल्डाखुल्डी हुँदा यात्रुलाई सास्ती भएको छ । सडक डिभिजन कार्यालयले बर्सेनि मर्मत गर्दै आएको भए पनि सडकको अवस्थामा खासै सुधार आउन सकेको छैन ।

यस्तै रत्नेचौरबाट खबरासम्मको चार किलोमिटरमध्ये तीन किलोमिटर सडक २०७६ मा कालोपत्र गरिएको हो । वर्ष दिन नपुग्दै त्यो पनि उप्किएको छ । बर्खामा हिलो र हिउँदमा धुलोले सास्ती हुने स्थानीय सुरज सापकोटा बताउँछन् । 'गुणस्तरीय काम हुन सकेको छैन,' उनले भने । कुडुँलेमा नाली छ, तर सडक कालोपत्र छैन । रत्नेचौरमा कालोपत्र गरिएको सडकमा नाली मर्मत गर्नुपर्ने अवस्थामा छ ।

बर्सेनि मर्मतसम्भार गर्दै आए पनि पूरै नयाँ बनाउन बजेट अभाव रहेको सडक डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी कृष्णबहादुर खड्का बताउँछन् । ' मर्मतका लागि बर्सेनि न्यून बजेट आउँछ,' उनले भने । रत्नेचौरबाट बेनीसम्मको सडक पूर्वाधार कार्यालयअन्तर्गत रहेको खड्काको भनाइ छ । बांगेचौरबाट रत्नेचौरसम्म सडक डिभिजन कार्यालयले बर्सेनि मर्मत गर्दै आएको छ ।

'सडक कालोपत्र गर्न बजेट माग गरेका छौं,' उनले भने । रत्नेचौरबाट बेनीको खबरासम्मको चार किलोमिटर कालोपत्र गर्ने काम २०७४ देखि थालिएको हो । अझै सो काम सम्पन्न हुन सकेको छैन । १२ करोड १७ लाख रूपैयाँको लागतमा कालोपत्रको ठेक्का नागार्जुन देव एण्ड सायर बिएन जेभीले लिएको छ । बागलुङका अधिकांश कालोपत्र सडक हस्तान्तरणको प्रक्रियामा छन् । कुँडुलेबाट रत्नेचौरसम्मको सडक २० लाख रूपैयाँको लागतमा ठेक्कामार्फत मर्मतसम्भार भइरहेको सडक डिभिजन कार्यालयले जनाएको छ । पछिल्लो समय कालीगण्डकी करिडोरअन्तर्गत मालढुंगाबाट पर्वतको जलजला हुँदै बेनी जाने राजमार्ग विस्तार भइरहेकाले ठूला सवारीसाधन वैकल्पिक मार्ग बागलुङ हुँदै रत्नेचौर बेनी पुग्ने गरेका छन् । *रासस*

# कर्णालीमा ठूलो संख्यामा शिक्षक दरबन्दी रिक्त

**भेरीगंगा (सुर्खेत)–** कर्णाली प्रदेशभर ठूलो संख्यामा शिक्षक दरबन्दी रिक्त रहेको पाइएको छ । शिक्षक सेवा आयोगले लिएको परीक्षाबाट मागअनुसारको जनशक्ति छनोट हुन नसक्दा अझै दरबन्दी रिक्त छन् ।

शिक्षक अभाव भएपछि शिक्षा विकास तथा समन्वय एकाइले रिक्त शिक्षक दरबन्दी पूर्ति गर्न माग गरेका छन् । एकाइ प्रमुखहरूका अनुसार धेरैजसो प्राथमिक तहका शिक्षक अपुग हुँदा राहत र निजी स्रोतको भरमा विद्यालय सञ्चालन गर्नुपरिरहेको छ । जुम्लामा प्राथमिक तहका ४४० दरबन्दीमध्ये ४१ दरबन्दी खाली छ । शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख मक्कर भण्डारीका अनुसार जुम्लामा निमाविमा ८० र मावि तहमा ६० दरबन्दी भए पनि अपुग भएपछि थप पाँच दरबन्दी माग गरिएको छ ।

यस्तै सुर्खेतमा ३१ दरबन्दी पदपूर्ति हुन बाँकी छ । शिक्षा विकास तथा समन्वय एकाइ सुर्खेतका शाखा अधिकृत नारायणप्रसाद पौडेलका अनुसार निमावि र माविमा तहमा आवश्यक शिक्षक भए पनि प्राथमिक तहमा अभाव छ । सुर्खेतमा १५६ मावि, २४५ निमावि र प्राथमिक तहमा एक हजार १९१ शिक्षक दरबन्दी पदपूर्ति छ । तर, प्राथमिक तहमा ३१ दरबन्दी पदपूर्ति हुन बाँकी रहेको पौडेलले बताए ।

यसैगरी मुगुमा तीनवटै तहका लागि १५ दरबन्दी माग गरिएको छ । प्राविमा ६८, निमाविमा १३ र माविमा २५ दरबन्दी आवश्यक देखिएको शिक्षा विकास तथा समन्वय एकाइ मुगुका प्रमुख सूर्य खत्रीले जानकारी दिए । दैलेखस्थित समन्वय एकाइका निमित प्रमुख रतन विष्टका अनुसार प्राविमा अहिले कायम रहेको दरबन्दीमै पनि २०० हाराहारीमा शिक्षक दरबन्दी खाली छ ।

यस्तै रुकुमपश्चिममा प्राविमा २८ दरबन्दी थप गर्न माग गरिएको छ । निमाविमा चार र माविमा एक जनाको दरबन्दी माग गरिएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख ताराप्रकाश पुनमगरले बताए । सरकारले पहाडी जिल्लामा ४५ विद्यार्थी बराबर एक शिक्षक हुनुपर्ने मापदण्ड बनाएको छ । हिमालमा ४० विद्यार्थी बराबर एक शिक्षकको नियम छ । कर्णालीका सबैजसो विद्यालयले उक्त मापदण्डअनुसार शिक्षक पाएका छैनन् । शिक्षक र विद्यार्थी अनुपातअनुसार दरबन्दी मिलानको प्रयास गरिए पनि समस्या समाधान हुनसकेको छैन । विद्यालय संख्या धेरै र दरबन्दी कम भएकाले दरबन्दी मिलान गर्न समस्या भएको सम्बन्धित जिल्लाका शिक्षा विकास तथा समन्वय एकाइका प्रमुखहरूले बताएका छन् । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SCENIC AGRICULTURE SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/04/03 पून स्वीकृति मिति २०७९/१०/२७ LT. No. 266316 चलानी नं. ६०१८३४८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 40 | 0 | 1500 | ४३,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : YAMAZAKI SEIGA (M) SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/04/17 पून स्वीकृति मिति २०७९/१०/२७ LT. No. 268507 चलानी नं. ६०१८४३६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 50 | 0 | 1500 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : GOLD LI DEVELOPMENT SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०६/२१ पून स्वीकृति मिति २०७९/१०/२७ LT. No. 273023 चलानी नं. ६०१८८७१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Workers | 70 | 0 | 1500 | ४२,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : FRAGRANT GARDEN NURSERY SDN. BHD**

पूर्व स्वीकृति मिति २०७९/०३/२० पून स्वीकृति मिति २०७९/१०/२७ LT. No. 266438 चलानी नं. ६०१८२४६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Workers | 24 | 0 | 1500 | ४२,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः फागुन ७ गते (19th Feb 2023)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः**निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com


सुदुरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशिनालय

## जिल्ला अस्पताल दार्चुला

२०७५

## सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/१०/२९**

यस कार्यालयलाई आवश्यक रहेको देहाय बमोजिमको सवारी साधिन सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिर्द नियमावली, २०६४ बमोजिम त्यस्तो सवारी साधि उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरू बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलक सपिङ) विधिबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यस्तो आधिकारीक बिक्रेताहरूको फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, अथोराईजेसन पत्र र आ.ब. ०७८/०७९ को आयाकर चुक्ता प्रमाण पत्रको (नोटरी पब्लिकबाट) प्रमणित प्रतिलिपिहरू संलग्न गरी आ-आफ्नो उत्पदनको आधिकारीक स्पसिफिकेशन, गुणस्तर मुल्य र सुविधा सहितको विवरण (क्याटलक वा ब्रोसर) संलग्न राखी मिति २०७९/११/१४ गते दिनको १२:०० बजे सक्क सिलबन्दी प्रस्ताब दर्ता गर्नहुन जानकारी गराइन्छ, दर्ता भएका प्रस्ताबशरु सोही दिनको २:०० बजे खोलिने हुँदा सम्बन्धित उत्पादन कम्पनी वा सो को आधिकारिक विक्रेताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सवारी सधानको प्राविधिक स्पेसिफिकेशन सम्बन्धी कागजातहरू यस कार्यालयको आधिकारीक Website : www.darchulahospital.p7.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**आवश्यक सवारी सधानको विवरण**

| क. स. | सवारी साधिनको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | एम्बुलेन्स ' ख' वर्ग | Hard Top Jeep, Right Hand Drive model suitable for normal and rough road condition of Nepal. Gross Vehicle Weight of the vehicle shall not be less than 2400 kg and shall have seating capacity for at least driver, passenger and patient. Minimum ground clearance 180 mm. High ground clearance preferred. | १(एक) | |

**जिल्ला अस्पताल दार्चुला**

**KANEPOKHARI RURAL MUNICIPALITY**
**Office of Rural Municipal Executive**
**BAYARBAN, MORANG**

## Invitation for E-bid

**First Date of Publication: 2079/10/29 (12 FEB 2023)**
**IFB NO: KRM/NCB/05/NCB/079/080**

1. **Kanepokhari Rural Municipality, Bayarban, Morang** has allocated funds towards the cost of construction of the works mentioned in the table and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.
2. **Kanepokhari Rural Municipality** invites E-bid from eligible bidders for following works under National Competitive Bidding. **The bidding procedure will be single stage Single Envelope. The bidding procedure will be e-bidding only.**
3. **Information to deposit the cost of bidding document in Bank:**

   **Rajaswa Khata No. (Revenue Account)**
   **Office Name: Kanepokhari Rural Municipality, Bayarban, Morang**
   **Bank Name: NIC Asia Bank**
   **Bank Address: Ramailo Branch**
   **Account Number: 133CA50021460002 (Rajaswa)**
   **For Security Deposit (DharautiKhata) No.: D3CA000455752407**
   Eligible Bidders may obtain further information and inspect and inspect the Bidding Documents at the office of. Kanepokhari Rural Municipality, Bayarban, Morang.
4. **Pre-bid meeting** shall be held at **Kanepokhari Rural Municipality, Bayarban, Morang** ***2079/11/14 (2023 FEB 26) - 14:00 hrs.***
5. The bidders shall submit their bid before ***2079/11/30 (2022 MAR 14) 12:00 hrs***. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2079/11/30 (2022 MAR 14) 13:00 hrs***. at the office of **Kanepokhari Rural Municipality, Bayarban, Morang.**
6. Bid security must be valid for a period of **90 days as stated below** for after bid opening and must be accompanied by a bid amounting to a minimum of **as specified below** which shall be valid for 30 days beyond the validity period **(i.e. 120 days)** of the bid after **deadline of Bid submission date.**
7. If the last date of Pre-Bid meeting and Bid Opening Day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders may submit modification or withdrawal prior to the deadline of bid submission. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
9. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).
10. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

| Contract No. | Descriptions of Works | Minimum Bid Security (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|
| KRM/NCB/ 05/CIVIL/079/80 | CONSTRUCTION OF VEGATABLE SHADES AT KANEPOKHARI | 1,00,000.00 | 3,000.00 |


**CHIEF ADMINISTRATIVE OFFICER**

# प्रभाव दैनिक

रूपशाला

## चैत ३ मा 'हुक्का एन एब्जर्ड ड्रिम'

आगामी चैत ३ लाई रिलिज मिति तोक्दै फिल्म 'हुक्का एन एब्जर्ड ड्रिम'को फस्टलुक सार्वजनिक भएको छ । स्पाइनी बाबलर क्रिएसनले ह्यासट्याग नेपालसँग सहकार्य गर्दै निर्माण गरेको फिल्ममा शम्भु थापाको निर्देशन छ । फस्टलुकमा फिल्मका प्रमुख कलाकार प्रमिला खनाल, प्रकाश घिमिरे र तेज गिरीलाई स्थान दिइएको छ । फिल्ममा प्रमिला, प्रकाश र तेजसहित अशु न्यौपाने, तलिशा गुरूङ, निश्चल विमल, एलिशा विक र सन्तोषकुमार आत्रेयको पनि अभिनय छ । फिल्ममा प्रयत्न श्रेष्ठको शब्द र संगीत, प्रयत्न श्रेष्ठ र युजिन राईको स्वर, सन्तोषकुमार आत्रेयको कथा, सन्तोषकुमार आत्रेय र भगवान पौडेलको पटकथा, विष्णुप्रसाद बास्तोलाको भीएफएक्स, राजेन्द्र मोक्तानको कलर करेक्सन, दीर्घ खड्काको सम्पादन र कृष्णबहादुर थापाको छायांकन छ ।





# पिरिम नलाउने गीतको १० करोड भ्युज



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक आशिष सचिन र गायिका मेलिना राईको स्वर रहेको 'पिरिम नलाउने' बोलको गीतको भिडियोले युट्युबमा १० करोड भ्युज पाएकोमा खुशियाली मनाइएको छ ।

पिरिम नलाउने टिमले राजधानीमा एक कार्यक्रमको आयोजना गर्दै बरिष्ठ संगीतकार शम्भुजित बास्कोटा र ओएसआर डिजिटलका महाप्रबन्धक ओम अग्रवालको हातबाट केक काटेर १० करोड भ्यूज पाएकोमा खुशीयाली मनाएको हो ।

सो अवसरमा बोल्दै वरिष्ठ संगीतकार बास्कोटाले निर्माण युनिटको खुलेर तारिफ गर्दै मनमुटुमा बस्न सफल गीत नेपाली दर्शकलाई दिनु प्रशंसाको विषय भएको बताए । उनले गायक आशिष र संगीतकार दीपक शर्माको जमेको जोडीको पनि प्रशंसा गर्न छुटाएनन् ।

कार्यक्रममा बोल्दै गायक आशिषले १० करोड क्लब तथा नेपालको सबैभन्दा बढी हेरिनेमा चौथो स्थानमा आफ्नो गीत पर्दा खुशीको सिमाना नरहेको बताए । उनले 'पिरिम नलाउने' को सफलताले अझै राम्रो गीत दिनुपर्ने जिम्मेवारी थपेको बताए ।

त्यस्तै संगीतकार शर्माले आफ्नो सृजना पिरिम नलगाउने सबैको प्रिय बन्दा आँफु पनि सबैको मन मनमा जोडिन पाएकोमा खुशी ब्यक्त गरे । भिडियोका निर्देशक सुब्रतराज आचार्यले आफूलाई फेरि पनि यस्तै काम गर्न मन लागेको भन्दै ५ वर्षअघि भिडियो छायांकन गरिएको फर्पिङको डाँडाको नाम नै पिरिम नलाउने डाँडो राखिएको रोचक किस्सा सुनाए । गायक हिमाल सागर, वरिष्ठ फिल्म सम्पादन नरेन्द्र खड्का लगायतको उपस्थिति रहेको कार्यक्रममा गीतसँग सम्बन्धित सबै पक्षलाई मायाको चिनो तथा सम्मान पत्र प्रदान गरिएको थियो ।

ओएसआर डिजिटलबाट रिलिज गरिएको पिरिम नलाउनेमा नायिका वर्षा राउतसँगै गायक आषिशको अभिनय रहेको छ । गीतमा नरेन्द्र वियोगीको एरेन्ज, उत्सब दाहालको छायांकन, नबिन निरौलाको सम्पादन रहेको छ । जसमा गम्भिर विष्टको कोरियोग्राफी रहेको छ ।

# प्रेमाको टिजर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं –** निर्देशक गोविन्द सिंह भण्डारीको लेखन तथा निर्देशन रहेको फिल्म 'प्रेमा'को टिजर सार्वजनिक भएको छ । बाघठाटा फिल्म फ्याक्ट्रीको व्यानरमा निर्मित फिल्म आगामी चैत १७ अर्थात ३१ मार्चमा रिलिज हुँदैछ ।

टिजरमा फिल्मका प्रमुख तीन कलाकार शुभेक्षा खड्का, सृष्टि श्रेष्ठ र अरुण क्षेत्री फिचर्ड छन् । टिजरमा आकाशको भूमिकामा देखिएका अरुणले शीर्ष चरित्र प्रेमा अर्थात् शुभेक्षालाई मनपराएको देखाइएको छ । तर शुभेक्षाले भने भित्री रूपमा अरुणलाई मनपराए पनि बाहिरी रूपबाट भने वास्ता नगरेको टिजरमा देख्न सकिन्छ । अरुण र शुभेक्षाको संवादमा अरुणले प्रेमभाव व्यक्त गर्दा शुभेक्षाले केही रिस र केही खुशी मिश्रित अनुहारमा 'कसो छ आलोकाच्चो मुल्या' भनेको संवाद राम्रो सुनिएको छ । जुन दर्शकका लागि फरक लाग्नसक्छ ।

टिजरको अन्तिमतिर सृष्टिको आगमनबाट शुभेक्षा केही सशंकित देखिन्छिन् । किनकी टिजरमा सृष्टिसँग अरुण र शुभेक्षाको भेट हुँदा शुभेक्षाले अरुणलाई तानेर लगेकी छन् । जुन दृश्य हेरेर सृष्टि हाँसेकी छन् ।

टिजरमा शुभेक्षालाई साधारण र सुन्दर युवतीको रूपमा देखाइएको छ । सृष्टिलाई बोल्ड र सहरीया शैलीमा प्रस्तुत गरिएको छ । अरुणलाई सहरको साधारण पात्रको रूपमा देखाइएको छ । जुन उसको पहिरन र संवादले खुलाएको छ । टिजर बाघठाटा फिल्म फ्याक्ट्रीको युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो । काठमाडौं, धनगढी र कर्णालीमा सुटिङ गरिएको फिल्ममा अरुण, शुभेक्षा र सृष्टिका अलावा विमला केसी, हिउँवाला गौतम, पुरण जोशी, सबिन बास्तोला, रोशनी स्याङबो, प्रकाश बस्नेत, महान थापा, सुरेन्द्र बसेल, भिभियाना थपलिया( काजु)को अभिनय छ ।

निर्देशक भण्डारीले फिल्मको फस्टलुक सार्वजनिक गर्दा फिल्मले त्रिकोणात्मक प्रेमकथा बोल्ने बताएका थिए । उनको कुरालाई शुक्रबार सार्वजनिक टिजरले पुष्टि गरेको छ ।

फिल्म 'प्रेमा' गोविन्द सिंह भण्डारी र विवेक घिमिरेले निर्माण गरेका हुन् । सामर्थविक्रम थापाको कार्यकारी निर्माण रहेको फिल्ममा सुशान्त गौतमको संगीत, सुशान्त, सबिन एकतारे र अनिल शर्माको गीत, चन्द्र भट्टराईको प्रमुख सहायक निर्देशन, अमित श्रेष्ठको व्याकग्राउण्ड स्कोर र ५.१ मिक्सिङ, शैफुद्दीन कादर मोहम्मदको क्रिएटिभ हेड, कृष्ण भण्डारीको सम्पादन तथा रंग संयोजन र महेश पौडेलको डीओपी छ ।

फिल्मलाई उपत्यकामा जीजीए ग्रुप र उपत्यका बाहिर एफडी कम्पनीले वितरण गर्दैछ ।



रंगशाला

# प्रधानसेनापति खुला म्याराथनमा रोकाय प्रथम




■ प्रभाव संवाददाता

**काठमाडौं–** महाशिवरात्रि तथा नेपाली सेना स्थापनाको दुई सय ६०औं वार्षिकोत्सवका अवसरमा आयोजित ४२ दशमलव एक सय ९५ दूरीको 'प्रधानसेनापति खुला म्याराथन दौड' प्रतियोगितामा सेनाका धावक राजन रोकाय प्रथम भएका छन् ।

प्रधानसेनापति प्रभुराम शर्माले जङ्गी अ•ास्थित खेलमैदानमा आयोजित समारोहमा प्रथम हुन सफल रोकायलाई रु तीन लाख नगद पुरस्कार र सिरिक अटोमोबाइल्सप्रालिबाट प्रायोजन गरिएको यामाहा मोटरसाइकलको साँचो हस्तान्तरण गरे ।

उक्त प्रतियोगितामा अमलदार खड्कबहादुर खड्का द्वितीय तथा जमदार कृष्णबहादुर बस्नेत तृतीय भए । द्वितीय हुने खड्कालाई रु दुई लाख र तृतीय हुने बस्नेतलाई रु एक लाख नगद र प्रमाणपत्र प्रदान गरियो । विसं २०७२ देखि सेना दिवसका अवसरमा सञ्चालित यो प्रतियोगिता आठौं संस्करण हो ।

हाफ म्याराथन खुल्लातर्फ दीपक अधिकारी प्रथम, मुकेश पाल द्वितीय र तीर्थ पुन तृतीय घोषित भए । प्रतियोगिताका प्रथम, द्वितीय र तृतीयलाई क्रमश : रु ७५ हजार, रु ५० हजार र रु ३५ हजार नगद प्रदान गरियो । प्रतियोगितामा प्रथम हुने धावकलाई काठमाडौं महानगरपालिकाकातर्फबाट यामाहा मोटरसाइकल प्रदान गरिएको थियो ।

महिलातर्फको हाफ म्याराथनमा राजपुरा पछाई, पूर्णलक्ष्मी न्यौपाने र निर्मला केसीले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरी रु ७५ हजार, रु ५० हजार र रु ३५ हजार नगद तथा प्रमाणपत्र प्राप्त गरे । प्रथम हुने महिला धावकलाई कुजु नेपाल प्रालिबाट स्कुटर तथा पूर्वप्रधानसेनापतिद्वारा उपलब्ध गराइएको रु २५ हजार प्रदान गरियो ।

सैनिक महाविद्यालय, विद्यालय, राष्ट्रिय सेवा दलका क्याडेट सम्मिलित १० किमी दौडतर्फ सोनु घतानी प्रथम, साधना श्रेष्ठ द्वितीय, मनिषा गिरी तृतीय भई क्रमशः १० हजार, सात हजार र पाँच हजार नगद पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरे । सोही समूह र दूरीको छात्रतर्फ विकेश घिमिरे, प्रज्वल श्रेष्ठ र सुशील बोहरा क्रमशः प्रथम, द्वितीय र तृतीय भए । दस किमी दूरीकै सैनिक अधिकृत महिला सम्मिलित प्रतियोगितामा अस्मिता जिसी, दुर्गा केसी र गीता गुरुङ क्रमशः प्रथम, द्वितीय र तृतीय घोषित भए । सैनिक अधिकृत पुरुषतर्फ सुरज ऐरी, विशाल चन्द्र र जिलेश्पीजङ्ग कार्कीले पनि प्रथम, द्वितीय र तृतीय घोषित भई क्रमश : रु १० हजार, सात हजार र पाँच हजार नगद तथा प्रमाणपत्र प्राप्त गरे ।

प्रधानसेनापति सम्मिलित पाँच किमी दूरीको वाकाथनमा सैनिक उच्च अधिकृतका साथै समाजका विभिन्न क्षेत्रका व्यक्ति सहभागी थिए । सेनाको त्रिभुवन आर्मी क्लब मुलुकको खेलकुद क्षेत्रको च्याम्पियन विभागीय टोली हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा महत्वपूर्ण योगदान दिँदै आएको सेनाले मुलुकभित्रका विभिन्न विधाका खेलाडीको पहिचान गरी तालिम प्रशिक्षणका साथ आफ्नो क्लबमा आबद्ध गर्दै आएको छ ।

## दृष्टिविहीन क्रिकेट प्रतियोगितामा मधेस प्रदेश च्याम्पियन

**वीरगञ्ज (प्रस)–** प्रदेशस्तरीय दृष्टिविहीन क्रिकेट प्रतियोगितामा मधेस प्रदेशको मधेस प्रदेश नेत्रहीन क्रिकेट सङ्घ विजयी भएको छ । वीरगञ्जको नारायणी रङ्गशालाको क्रिकेट मैदानमा आयोजित प्रतियोगिताको शनिबार भएको फाइनल खेलमा गण्डकी प्रदेशको गोरखा नेत्रहीन क्रिकेट सङ्घलाई ९ विकेटको फराकिलो अन्तरले पराजित गर्दै मधेस प्रदेश विजयी भएको हो ।

प्रतियोगिताको म्यान अफ दी म्याच मधेस प्रदेशकी उजेली चौधरी र म्यान अफ द सिरिज मधेस प्रदेशका नवीन तामाङ घोषित भएका हुन् । फाइनल प्रतियोगितामा ७८ रनको लक्ष्य रहेकामा मधेस प्रदेश नेत्रहीन क्रिकेट सङ्घले ९ दशमलव ४ ओभर खेल्दै मात्र १ विकेटको नोक्सानीमा पूरा गर्दै उपाधि जितेको हो । त्यसअघि टस हारेर पहिले व्याटिङ गरेको गण्डकी प्रदेशको गोरखा नेत्रहीन क्रिकेट सङ्घले १८ दशमलव ३ ओभरमा अलआउट हुँदै ७७ रन मात्र बनाएको थियो ।

उपाधिसँगै मधेस प्रदेशको मधेस प्रदेश नेत्रहीन क्रिकेट सङ्घले नगद रु ३० हजार, मेडल र ट्रफी हात पारेको छ भने उपविजेता गण्डकी प्रदेशको गोरखा नेत्रहीन क्रिकेट सङ्घले भने नगद १५ हजार, ट्रफी र मेडल प्राप्त गरेको हो । दृष्टिविहीन खेलाडीको आत्मबल तथा आत्मविश्वास बढाउनुका साथै उनीहरूमा भएको प्रतिभा उजागर गर्ने उद्देश्यले आयोजना प्रतियोगितामा चारवटै प्रदेशका गरी १६ महिलासहित ६० जना दृष्टिविहीन खेलाडीले भाग लिएका थिए ।

नेपाल नेत्रहीन क्रिकेट सङ्घ र मधेस प्रदेश नेत्रहीन क्रिकेट सङ्घको संयुक्त आयोजनामा बुधबारदेखि सुरु भएको प्रतियोगितामा चार प्रदेशका टिमले भाग लिएका थिए । प्रतियोगितामा सात वटै प्रदेशलाई आमन्त्रण गरिए पनि प्रदेश नं १, मधेस प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेश गरी चार प्रदेशले मात्र भाग लिएको नेपाल नेत्रहीन क्रिकेट सङ्घका कार्यक्रम संयोजक महेश साहले जानकारी दिए ।

# पुलिस लगातार दोस्रोपटक टिम च्याम्पियन

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल पुलिस क्लब दोस्रो कृष्णप्रसाद भट्टराई स्मृति कराते प्रतियोगितामा टिम च्याम्पियन बनेको छ । पुलिस सर्वाधिक १० स्वर्ण, २ रजत र ३ कास्य गरि १५ पदक जित्दै टिम च्याम्पियन बनेको हो । पहिलो संस्करणमा पनि पुलिस नै टिम च्याम्पियन बनेको थियो ।

प्रतियोगिताको शीर्ष ३ भित्र विभागिय टोली रहेका छन् । ६ स्वर्ण, ३ रजत र ५ कास्य गरि १४ पदकका साथ नेपाल एपिएफ क्लब दोस्रो र १ स्वर्ण ५ रजत र ७ कास्य गरि १३ पदकका साथ आर्मी तेस्रो भएको छ । अन्य ७ प्रदेश भने स्वर्ण पदक जित्न असफल भएका छन् ।

ललितपुर सातदोबाटोस्थित कराते एकेडेमी हलमा शनिबार सम्पन्न प्रतियोगितामा बागमती प्रदेश २ रजत र ५ कास्य पदकका साथ चौथो भएको छ । गण्डकी प्रदेशले समान २ रजत र २ कास्य पदक जित्दा लुम्बिनीले १ रजत र ३ कास्य पदक प्राप्त गरेको छ ।

सुदूरपश्चिमले १ रजत र १ कास्य जित्दा, कर्णाली प्रदेशले १ रजत, प्रदेश १ ले ६ कास्य पदक र मधेश प्रदेशले २ कास्य पदक जितेको छ ।

प्रतियोगिताको अन्तिम दिन शनिबार ५ इभेन्टको फाइनल भएको थियो । जसमा पुलिसले २ तथा एपिएफले ३ स्वर्ण पदक जितेको थियो ।

तीन वर्ष अघि स्वदेशमा भएको १३ औं दक्षिण एसियाली खेलकुदमा स्वर्ण पदक जितेका पुलिसकी सुनिता महर्जन (६८ केजी मुनी) को तौल समूहमा र नविन रसाइलीले ६७ केजी तौल समूहमा स्वर्ण पदक जितेका थिए । बागमती प्रदेशकी विनिता श्रेष्ठलाईले हराउँदै सुनिताले स्वर्ण पदक जितेकी हुन् । एपिएफकी डाएना ओझा र मधेश प्रदेशकी मोनिका मगरले कास्य पदक जिते ।

पुरुष ६७ केजीको फाइनलमा आर्मीका सन्नी चौलागाईले हराउँदै नविनले स्वर्ण पदक जितेका हुन् । बागमतीका निमा शेर्पा र एपिएफका प्रतिक घर्तीमगर कास्य पदक जिते ।

एपिएफकी मनिष चौधरीले ५५ केजी, मोहमद शेखु आलमले ८४ केजी मुनि र सुवाश घतानीले ७५ केजी तौल समूहमा स्वर्ण पदक जितेका थिए ।

लुम्बनी प्रदेशकी बर्षा बुढा मगरलाई हराउँदै मनिषाले स्वर्ण पदक जितेकी हुन् । आर्मीकी सारदा सुनार र प्रदेश १ कि विद्याकला राईले कास्य पदक जिते । ८४ केजी मुनिको तौल समूहमा गण्डकी प्रदेशका विशाल थापा मगरलाई हराउँदै मोहमद शेखुले स्वर्ण पदक जितेका हुन् । पुलिसका स्वीकार राई र आर्मीका निकेश मानन्धरले कास्य पदक जिते । ७५ केजी तौल समूहमा गण्डकी प्रदेशका सजोल बुढाथोकीलाई हराउँदै सुवाशले स्वर्ण पदक जितेका हुन् । प्रदेश १ का रुरिहाङ धामी र पुलिसका आकाश मण्डलले कास्य पदक जिते ।


प्रतियोगितामा महिलातर्फ एपिएफ मनिषा चौधरी र पुलिसतर्फ पुलिसका विप्लवलाल श्रेष्ठ उत्कृष्ट खेलाडी घोषित भए । उनीहरूले जनही १५ हजार रूपैयाँ प्राप्त गरे ।

गोदावरी नगरपालिकाको आयोजनामा भएको कृष्णप्रसाद भट्टराई खेलकुद महोत्सव अन्तर्गत दोस्रो कृष्णप्रसाद भट्टराई स्मृती कराते प्रतियोगिता नेपाल कराते महासंघको प्रमुख डोजो ललितपुरले सञ्चालन गरेको थियो ।

तीन दिन सम्म सन्चालन भएको प्रतियोगितामा ७ प्रदेश , ३ विभागका खेलाडीले १७ वटा इभेन्ट्समा प्रतिस्पर्धा गरेका थिए । नेपाली कांग्रेसका महामन्त्री गगन थापा, बागमती प्रदेशका सांसद मीनकृष्ण महर्जन, गोदवरी नगरपालिकाका मेयर गजेन्द्र महर्जनलगायतले विजेता खेलाडीलाई पुरस्कृत गरे ।

# चिनियाँ जासुसी बेलुनबारे अमेरिकाको थप प्रतिक्रिया

**वाशिङटन–** अमेरिकी गुप्तचर समुदायले चिनियाँ जासुसी बेलुनलाई पिपुल्स लिबरेसन आर्मीद्वारा सञ्चालित बृहत् निगरानी कार्यक्रमसँग जोडेको छ । वासिङटन पोस्टले अमेरिकी अधिकारीहरूले जासुसी निशाना बनाइएका सहयोगी र साझेदारहरूलाई यसबारे जानकारी दिन थालेका छन् ।



द वासिङ्टन पोस्टका अनुसार चीनको दक्षिणी तटमा रहेको हेनान प्रान्तबाट केही वर्षसम्म सञ्चालन भएको निगरानी बेलुन प्रयासले जापान, भारत, भियतनाम(लगायत चीनका लागि उदीयमान रणनीतिक चासो भएका देशहरू र क्षेत्रहरूमा सैन्य गतिविधिको जानकारी संकलन गरेको बताइएको छ । अधिकारीहरूका अनुसार पिएलए वायुसेना द्वारा सञ्चालित निगरानी हवाई जहाजहरू पाँच महाद्वीपमा देखाइएको छ ।

एक अधिकारीले भनेका छन्, 'चिनियाँहरूले अविश्वसनीय पुरानो प्रविधि प्रयोग गरेर आधुनिक सञ्चार र निगरानी गर्दै अन्य राष्ट्रका सेनाहरूका गतिविधि नियन्त्रण गर्ने प्रयास गरेको छ ।'

न्युयोर्क टाइम्सले पनि यस घटनालाई जोड्दै बाइडेन प्रशासनले शुक्रबारदेखि धेरै चिनियाँ उड्डयन र प्रविधिहरूलाई यसको केही प्रविधिको बिक्रीमा रोक लगाएको छ । वाणिज्य विभागले इजाजतपत्र कारोबारमा रोक लगाउँदै थप पाँच चिनियाँ कम्पनीहरू र एउटा अनुसन्धान संस्थानलाई प्रतिबन्धको सूचीमा समावेश गरेको छ । उद्योग र सुरक्षाका लागि वाणिज्य उपसचिव एलन एस्टेभेजले यो कारबाहीले चिनियाँ सरकारले निगरानीको लागि उच्च-उचाइँ बेलुनहरू प्रयोग गरेकामा प्रतिक्रिया दिएको बताएका छन् ।

यो कारबाहीले अमेरिकाको राष्ट्रिय सुरक्षा र सार्वभौमसत्तामा हानि पुऱ्याउने संस्थाहरूलाई अमेरिकी प्रविधिको पहुँचबाट काटिनेछ भन्ने स्पष्ट शब्दमा भनेका छन् । *रासस/एएनआई*

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/१०/२५

यस कम्पनीको मिति २०७९/०९/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **कर्णाली बहुप्राविधिक शिक्षालय प्रा.लि. (प्रा.लि. नं. ८४५६५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१०/२३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **पश्चिम नेपाल बहुप्राविधिक शिक्षालय प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७८/०८/१५ मा दर्ता भएको नागार्जुन टप मिल एण्ड फास्ट फुड रेष्टुरेन्ट प्रा.लि. (दर्ता नं. २७८४५५) को मिति २०७९/१०/२० गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसFग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: पुरुषोत्तम अमात्य, इजाजतपत्र नं. ५०१, फोन नं. ९८५१११९७६६**

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/१०/२५

साविक कम्पनी (हवाइट हाउस हायर सेकेन्डरी स्कुल प्रा.लि./White House Higher Secondary School Pvt.Ltd.) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायीत्व आदि परिवर्तित नाम (ए.आई.टि.एम. सेकेन्डरी स्कुल प्रा.लि./A.I.T.M. Secondary School Pvt.Ltd.) को कम्पनीले सकार्ने व्यहोर्ने गरी हवाइट हाउस हायर सेकेन्डरी स्कुल प्रा.लि को नाम कम्पनीको मिति २०७८।१।८ को साधारण सभाको निर्णय र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८।३।२२ को स्विकृत निर्णयानुसार परिवर्तन भै ए.आई.टि.एम. सेकेन्डरी स्कुल प्रा.लि.कायम भएकोले सवैको जानकारीकालागि यो सुचना प्रकाशित गरिएको छ ।

### कम्पनी खारेज गरिएको लिक्वीडेटरको सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०८/०३ मा दर्ता भएको प्रा.लि. नं. २४७५९९ को जायुका ब्राण्ड प्रा. लि.को मिति २०७९/१०/२३ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: राजु थापा, ठेगाना : बौद्ध-६, काठमाडौं**
**इजाजतपत्र नं. ३५६, फोन नं. ९८५१०१३७३०**

# डब्ल्यूएचओद्वारा युरोपमा तत्काल दादुरा खोप लगाउन आग्रह

**कोपेनहेगन–** विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) युरोपको क्षेत्रीय कार्यालयले यस क्षेत्रका देशहरूलाई यथ(ाशीघ्र लक्षित समूहमा दादुरा खोप लगाउन आग्रह गरेको छ ।

सन् २०२२ को सुरुआतदेखि दादुराको संक्रमण बढ्दै गएपछि डब्ल्यूएचओले सो आग्रह गरेको हो । डब्ल्युएचओ युरोपका अनुसार दादुरा खोपको दुई डोजसहितको न्यूनतम ९५ प्रतिशत नियमित कभरेज भाइरसको फैलावट रोक्न र ठूला प्रकोप पुनः बल्झिनबाट रोक्न यो उपाय पर्याप्त हुनेछ ।

य द्य पि, डब्ल्यूएचओले कोभिड-१९ महामारीको प्रतिरक्षा र खोपको खुराक छुटेका कारण बालबालिकासहित अन्य थुप्रै व्यक्तिहरूमा दादुराको संक्रमण बढेको पाइएकाले यथ(ाशीघ्र खोप अभियानलाई तीव्र पार्न अनुरोध गरेको छ ।

डब्ल्युएचओले युरोपेली देशहरूलाई पनि ढिलाइ नगरी स्वास्थ्य अनुसन्धान गर्न र दादुराको निगरानी बढाउन आग्रह गरेको छ । सन् २०१८ र २०१९ ठूला दादुराको प्रकोपपछि, लगभग दुई लाख जनामा संक्रमणका घटना उल्लेख गरिएको छ । *रासस/सिन्ह्वा*

# सैनिक शिविरमा गोली चल्दा पाँच सैनिकको मृत्यु

**मनिला–** फिलिपिन्सको दक्षिणी भागमा रहेको उत्तरी मिन्डानाओस्थित सैनिक शिविरमा शनिबार एक सैनिकले निदाएका अन्य सैनिकमाथि गोली प्रहार गर्दा चार सैनिकको मृत्यु भएको छ भने अर्का एक जना गम्भीर घाइते भएको फिलिपिन्सको सेनाले जनाएको छ । हत्याका आरोपित सैनिकको पनि गोली लागी निधन भएको छ ।

घटना दिउँसो १:१० बजे भएको हो । कागायन डे ओरो शहरको क्याम्प इभान्जेलिस्टा भित्र उक्त घटना भएको हो। कमाण्ड ड्युटी अफिसर आर्मी मेजर एल्डन ब्रिनासका हनुसार चार पीडितको घटनास्थलमै मृत्यु भएको हो ।

सुरुमा गोली हानेपछि बन्दुकधारीले अर्को कोठामा प्रवेश गर्ने प्रयास गरेको तर अन्य सिपाहीहरूले आक्रमणकारीको बन्दुक कब्जा गरेर उसलाई नै गोली हानेको ब्रिनासले उल्लेख गरेका छन् ।

अधिकारीका अनुसार गम्भीर घाइते सैनिकको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । गोली प्रहारको घटनाको अनुसन्धान भइरहेको छ । *रासस/सिन्ह्वा*

# सैनिक शिविरमा गोली चल्दा पाँच सैनिकको मृत्यु

**काबुल–** अफनिस्तानमा ८०० भन्दा बढी युवाहरू अफगान राष्ट्रिय सेनामा भर्ना भएका छन् । राजधानी काबुल र पश्चिमी हेरात प्रान्तमा तीन महिनाको सैन्य तालिम पाठ्यक्रम पूरा गरी प्रमाणपत्र प्राप्त गरेका ८०० भन्दा बढी अफगान युवाहरू राष्ट्रिय सेनामा भर्ना भएका हुन् ।

पश्चिमी हेरात प्रान्तको अल-फारुक आर्मी कोर्प्सबाट तीन महिनाको सैन्य प्रशिक्षण पूरा गरेपछि कुल ४८० मुजाहिदीन (पवित्र योद्धा) र काबुल मिलिटरी ट्रेनिङ सेन्टरबाट ३२२ जनालाई केही दिनअघि राष्ट्रिय सेनामा भर्ती गरिएको विज्ञप्तिमा उल्लेख गरिएकको छ ।

अफगानिस्तानले आफ्नो सिमानाको रक्षा गर्न एक लाख ५० हजार सशक्त राष्ट्रिय सेना निर्माण गर्ने योजना बन(ाएको रक्षा मन्त्रालयका प्रवक्ता इनायतुल्लाह खवराज्मीले बताएका छन् । *रासस/सिन्ह्वा*

## Sunchhahari Rural Municipality

### Office Of Rural Municipal Executive

### Pobang, Rolpa

## Invitation for E-Bids

**Invitation for National Competitive Bidding for the Construction Work on the Following Project.**

**(Date of Publication: 12-02-2023)**

1. Office of Sunchhahari Rural Municipality, Pobang, Rolpa, invites electronic bids from eligible bidders for the construction of Following Project for, under National competitive Bidding Procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Sunchhahari Rural Municipality, Pobang, Rolpa, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp
3. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank : Nepal SBI Bank Ltd, Sunchhahari, Rolpa

   Name of the Office : Sunchhahari Rural Municipality, Pobang, Rolpa

   Office Code No : 801055409

Office Account Name & No: GA 1.1 ANTARIK RAJASWA KHATA 43595241207004 (for Bid document fee)

Dharauti Khata Name & No.: GA.3 SUNCHHAHARI DHARAUTI KHATA 43525240600003 (for Bid Security)

4. Electronic bids must be submitted to the office of Sunchhahari Rural Municipality, Pobang, Rolpa , Nepal through PPMO website www.bolpatra.gov.np. on or before **14-03-2023 12:00**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders representatives who choose to attend at **14-03-2023,14:00**.at the Office of Sunchhahari Rural Municipality, Pobang, Rolpa-Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid Security.
6. If the last date of purchasing and or submission falls on a government holiday then the next working day shall be considered as the lastdate. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N | Contract ID | Contract Name | Estimated Amount (Excluding VAT) Rs. | Bid Security Rs. | Bid Fee Rs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | SRM/WORKS/ NCB/07/ 079-080 | Pobang Kemleghat Seram Jodne Motor Bato Starunnati Yojana | 85,23,582.80 | 245,000.00 | 3,000.00 | NCB |

**Chief Administrative Officer**
**Sunchhahari Rural Municipality**


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १०३६०० | प्रति तोला – १०३१०० | प्रति तोला – १२९० |



**सुन्दर बुढाथोक** | बागलुङको निसीखोला गाउँपालिका-६ स्थित बूढाथोक गाउँ । मध्यपहाडी लोकमार्गको छेउमै पर्ने यो गाउँमा बसोबास गर्ने स्थानीयको आफ्नै मगर खाम भाषा, वेशभूषा र परम्परा छ ।

*तस्बिरः डम्मर बूढा मगर/रासस*

## बढी पुँजी भएका सहकारीलाई राष्ट्र बैंकले नियमन गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** बचत तथा ऋणको कारोबार गर्ने ठूला सहकारी संस्थालाई नेपाल राष्ट्र बैंकको नियामकीय क्षेत्राधिकारभित्र ल्याउन लागिएको छ ।

शुक्रबार प्रतिनिधिसभामा दर्ता भएको 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९' ले नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा संशोधन गरेर यस्तो व्यवस्था ल्याउनुपर्ने प्रस्ताव गरेको हो । '२५ करोडभन्दा बढी शेयर पुँजी भएका वा वार्षिक रु ५० करोडभन्दा बढीको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सहकारीसम्बन्धी प्रचलित कानूनको समेत अधिकार प्रयोग गरी नियमन, निरीक्षण तथा सुपरीवेक्षणको काम नेपाल राष्ट्र बैंकले गर्नेछ', विधेयकमा भनिएको छ ।



ऐनमा संशोधन गरेर बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धमा निर्देशन तथा मापदण्ड जारी गर्ने अधिकार पनि नेपाल राष्ट्र बैंकलाई दिन लागिएको छ । उक्त विधेयकमार्फत सहकारी ऐन, २०७४ मा पनि संशोधन गर्न लागिएको छ । 'बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण र सुपरीवेक्षण गर्ने निकायले सो सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा मापदण्डको पालना गर्नुपर्नेछ', सहकारी ऐनमा गर्न लागिएको संशोधनबारे विधेयकमा उल्लेख छ ।

स्थानीय तहमा दर्ता भई वार्षिक रु २५ करोडसम्मको कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन र सुपरीवेक्षण सम्बन्धित स्थानीय तहले नै गर्नेछन् । त्यस्तै स्थानीय तहमा दर्ता भई वार्षिक रु २५ करोडभन्दा बढी र रु ५० करोडसम्मको कारोबार गर्ने सहकारी संस्थाको नियमन प्रदेशबाट गर्ने व्यवस्था गर्न लागिएको छ ।

स्थानीय तह वा प्रदेशमा दर्ता भएका र वार्षिक रु ५० करोडभन्दा बढीको कारोबार भएका सहकारी संस्थाको नियमन भने सहकारी विभागले गर्ने गरी कानुन संशोधन गर्न लागिएको छ ।

## राष्ट्रिय प्रसारणमा थप ८६ मेगावाट विद्युत्

■ प्रभाव संवाददाता

**सोलुखुम्बु–** सोलुखोला दूधकोशी जलविद्युत् आयोजनाबाट उत्पादित ८६ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ । साहस ऊर्जा कम्पनी लिमिटेड प्रवर्द्धक रहेको उक्त आयोजना अघिल्लो सातादेखि परीक्षणका क्रममा थियो ।

सोलुदधुकण्ड नगरपालिका-११ स्थित सोलुखोलाको पानी चार हजार छ सय ७९ मिटर लामो सुरुङमार्ग र १९ सय ३८ मिटर लम्बाइको पाइपलाइनमार्फत थुलुङ दुधकोशी गाउँपालिका-३ मैकुबेसिमा खसाई ८६ मेगावाट विद्युत् उत्पादन गरिएको हो ।

नदी प्रवाहमा आधारित विद्युत् आयोजना लाम्माने सबस्टेशनमा रहेको १३२ केभिए सोलु करिडोरमा जोडिएको छ ।

साहास ऊर्जाको विद्युत गृहदेखि लाम्मानेसम्म १३ किलोमिटर ग्रीड निर्माण गरी आयोजनाले १३२ केभी प्रसारण लाइनमा जोडिएको हो । आयोजनाको ग्रस हेड ६ सय १३ मिटर छ ।

परीक्षण सफल भएपछि आयोजनाबाट उत्पादित विद्युत् नेपाल विद्युत् प्राधिकरणको राष्ट्रिय प्रणालीमा जोडिएको साहास ऊर्जा लिमिटेडका अध्यक्ष हिम पाठकले बताए । विसं २०७२ को असोजमा विद्युत् विकास विभागबाट जेनेरेशन लाइसेन्स लिएको कम्पनीले सिभिल क्षेत्रको निर्माणको जिम्मा इटालीयन कम्पनी सिएमसिदि रिभेन्नाले पाएको थियो ।

सम्झौताअनुसार काम नगरेको भन्दै इटालीयनसँग ठेक्का तोडेर फेरि नयाँ ठेक्का आह्वान गरिएको थियो । त्यसपछि सीई कन्स्ट्रक्सनले ठेक्का लिएर सिभिलतर्फको काम समयमै सम्पन्न गरी आयोजनाले पूर्णता पाएको हो ।

आयोजनाको हाइड्रो मेकानिकलको ठेक्का माछापुच्छ्रे एण्ड मेटल वर्क सप र इलोक्ट्रो मेकानिकलको ठेक्का भाइथ हाइड्रोले लिएको थियो । कूल २५ प्रतिशत संस्थापक तथा शेयरधनी र ७५ प्रतिशत बैंकको लगानीमा करिब १३ अर्बको कूल लागतमा निर्माण सम्पन्न भएको हो । नेपाल इन्भेष्टमेण्ट बैंकको नेतृत्वमा १० बैंकको यस आयोजनामा लगानी छ ।

केन्द्रीय प्रसारण लाइन जोडिएसँगै अबको १५ दिनभित्र व्यावसायिक उत्पादन गरिने कम्पनीका अध्यक्ष पाठकको भनाइ छ । यसअघि सोलुखोलामै निर्माण भएको २३ दशमलव पाँच मेगावाट क्षमताको अपर सोलु जलविद्युत् आयोजना राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ ।

सोलुखोलामा अझै एक सय ५० मेगावाटभन्दा बढी क्षमताका विद्युत् आयोजना निर्माणको क्रममा छन् ।

## वन्यजन्तु बढेपछि किसान हैरान

**महोत्तरी (प्रस)–** 'न खेतबारीको बाली भन्न पाइन्छ, न घरको मकैको थाक्रो', बँदेल, दुम्सी, निलगाई र बाँदर सताएपछि वीरक्तिँदै महोत्तरी बर्दिबास-५ की राधा उपाध्याय भन्छिन्, 'यो बालीनाली यिनलाई नै लगाइदिएजस्तै भयो ।' खेतबारीको बालीनाली खाएर नपुगेर बाँदरले घरआँगनका थाक्रामा झुत्याएर राखिएको मकै पनि उधिनेर दिक्क बनाएको ६५ वर्षीया राधाको बिलौना छ ।

खेतबारीमा बाँदर, निलगाई र बँदेलले तथा घरआँगनमा बाँदरले दुःख दिएर बालीनाली नोक्सान पारेका बर्दिबास नगरपालिकाका वन क्षेत्र नजिकका किसान बताउँछन् । दिनदिनैजसो वन्यजन्तुले बालीनाली सखाप पार्न थालेपछि महोत्तरीका किसानको हैरानी बढेको छ ।

वन्यजन्तुले बस्ती/बस्ती पसेर बालीनाली नोक्सान पारेपछि सर्वसाधारणको हैरानी बढेको हो ।

## ६ महिनामा ४३ प्रतिशत राजस्व असुल गर्दै महानगर

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा लक्ष्यको ४३ दशमलव ८२ प्रतिशत राजस्व सङ्कलन गरेको छ । त्यो गत वर्षको सोही अवधिको तुलनामा १३ दशमलव ४० प्रतिशत बढी हो ।

चालु आवका लागि कामपाले रु १० अर्ब ३९ करोड राजस्व असुल गर्ने लक्ष्य लिएको छ । विगतका वर्षमा विश्वभरि फैलिएको कारेना महामारीका कारण लक्ष्यमा पुग्न कठिन भए पनि यस वर्ष अहिलेकै अनुपातमा जाँदा लक्ष्य हासिल गर्न सहज हुने महानगरपालिकाको राजस्व विभागका प्रमुख डा शिवराज अधिकारीले जानकारी दिए । चालु आवको पुस सम्ममा रु चार अर्ब ६० करोड असुल गरिसकेको कामपाले जानकारी दिएको छ ।

यस वर्ष महानगरपालिकाका लागि बाह्य अनुदान रकम कम भए पनि आन्तरिक राजस्व असुलमा भने खासै समस्या नभएको विभागका प्रमुख डा अधिकारीले जानकारी दिए । पछिल्लो समय कमपाले राजस्व सङ्कलनका लागि थप कडाइ गरेसँगै असुल उपर गर्न सहज भएको बताइएको छ ।

मुख्यगरी सम्पत्ति कर, घरबहाल घर, व्यवसाय कर, विज्ञापन कर, मनोरञ्जन कर, भूमिकर, मूल्य अभिवृद्धि कर र सवारी साधन करसहित ३६ करका शीर्षकमा महानगरपालिकाले राजस्व असुल गर्दै आएको छ ।

विगतका वर्षमा करको दायरामा पूर्णरूपले ल्याउन नसकेका क्षेत्र मनोरञ्जन क्षेत्रअन्तर्गत रहेका चलचित्र हल, दोहोरी, डान्स रेस्टुरेन्ट, फन पार्क, कवाडी करको क्षेत्रलाई पनि कानुनको दायरामा ल्याइएकाले पनि राजस्व सङ्कलनमा लक्ष्य हासिल गर्न सक्ने विश्वास महानगरपालिकाले लिएको छ ।

त्यसैगरी विगत सात वर्षदेखि बिना सम्झौता अनधिकृत रूपमा सञ्चालित पुरानो बसपार्कस्थित सिटी मार्केटलाई आय ठेक्का प्रणालीमार्फत भाडामा लगाउने कार्यसमेत गरिएको विभागले जानकारी दिएको छ ।

## तमान गाउँमा जलायशयुक्त हाइड्रोपावरको योजना

■ प्रभाव संवाददाता

**बाग्लुङ–** धौलागिरि हिमालको काख । बाक्लो बस्ती, प्राकृतिक सुन्दरता । केही भिरालो, केही समथर भू-भाग । बागलुङ सदरमुकामबाट सबैभन्दा टाढा छ, तमान गाउँ ।

तमानखोला गाउँपालिका-३ मा पर्ने यो गाउँ पर्यटकीय हिसाबले निकै सम्भावना बोकेको छ । चिटिक्क मिलेर बनेका तमान गाउँका घरले धेरैलाई आकर्षित गरिरहेको छ । वर्षौंदेखि पर्यटक पर्खी रहेको तमान गाउँ विकटमा हुँदा आगन्तुक भित्र्याउन सकेको छैन ।

गाउँपालिकाले आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन पूर्वाधार निर्माणमा जोड दिएको छ । गाउँपालिकाले तमान गाउँलाई 'पर्यटकीय हब'का रूपमा विकास गर्न 'मिनी' जलाशययुक्त बहुउद्देश्यीय हाइड्रोपावर निर्माण गर्ने भएको छ । यही गाउँ हुँदै बग्ने तमानखोलालाई थुनेर गाउँपालिकाले हाइड्रोपावर निर्माण गर्न दुई वर्षदेखि अध्ययन गरेको छ ।

गाउँपालिकाको गौरवको यो परियोजना सरकारी तथा निजी क्षेत्रको सहकार्यमा हुने छ । तमानखोला थुनेर हाइड्रोपावर मात्रै बन्ने छैन । यहाँ 'फिस फार्म', 'ऱ्याफ्टिङ' लगायत पर्यटक आकर्षित गर्ने अन्य संरचना बन्ने छन् । गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगर तमान गाउँलाई 'पर्यटकीय गाउँ' बनाउन र यहाँका नागरिकको जीवनस्तर उकास्न यो योजना सुरु गर्न लागेको बताउँछन् । 'हाइड्रोपावरसँगै यहाँ



पर्यटकीय पूर्वाधार निर्माण गरिने छ, यसका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार हुँदैछ, योजनाको निर्माण सुरु भएको तीन वर्षमा सक्ने गरी काम हुने छ, परियोजना सरकार, निजी क्षेत्र र स्थानीय नागरिकको लगानीमा निर्माण हुनेछ', उनी भन्छन् ।

तमान गाउँ राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग र सालझण्डी-ढोरपाटन सडकसँग नजिक पर्छ । सरकारको रणनीतिक सडकअन्तर्गत प्युठानको स्वर्गद्वारी, बागलुङको ढोरपाटन, म्याग्दीको गलेश्वर र मुस्ताङको मुक्तिनाथसँग जोडिने सडकको केन्द्रमा यो गाउँ पर्छ । यो सडकलाई 'धार्मिक पर्यटक सडक'को नामकरण गरेको र यहाँ धार्मिक पर्यटक बढी भित्र्याउने लक्ष्य लिइएको छ । उनी भन्छन्, 'यो गाउँ निकै केन्द्रमा पर्छ, अहिले आन्तरिक पर्यटक त आउँछन् तर एक/दुई दिन राख्न सकिएको छैन, पर्यटक घुम्न बाँध बाँधेर ताल बन्छ, डुङ्गा सञ्चालन हुन्छ, फिस फार्म चल्छ, वरपर रेष्टुराँ र आकर्षक पर्यटकीय संरचना निर्माण हुने छ ।'

गाउँपालिकाले पहिलो चरणको अध्ययन सकेर दोस्रो चरण सुरु गरेको छ । अहिले एक्जिनियस इन्जिनियरिङ कन्सलटेन्सी कोटेश्वरले दोस्रो चरणको अध्ययन गरिरहेको छ । खोला थुनेर जलाशययुक्त हाइड्रोपावर बनाउन रु ४० करोड र पर्यटकीय संरचनासहितको काम गर्न करिब रु ६० करोड लाग्ने एक्जिनियस इन्जिनियरिङ कन्सलटेन्सीका इन्जिनीयर नवीन घर्तीमगरले जानकारी दिए । इन्जिनियर घर्तीमगर भन्छन्, 'यो ठाउँ बाध बाँधेर हाइड्रो निर्माण गर्नका लागि उपयुक्त देखिएको छ, यहाँको भूगोलको अवस्था, बाध र पर्यटकीय संरचना कहाँ निर्माण गर्नेलगायतका विषयमा अध्ययन गरिरहेका छौँ ।'

यहाँबाट तीन सय ५० किलोवाटको विद्युत् उत्पादन हुने आँकलन गरिएको छ । यसलाई उत्तरगङ्गा हाइड्रोपावरको 'नमूना हाइड्रो'को रूपमा लिइएको छ । गाउँपालिकाले रु १५ लाख खर्च गरेर पहिलो चरणको अध्ययन गरिरहेको छ । गाउँपालिकाकी उपाध्यक्ष हीराकुमारी छन्त्यालले जलाशययुक्त हाइड्रोपावर निर्माणपछि सिङ्गो तमानखोलाले मुहार फेर्ने भन्दै यहाँका नागरिको जीवनस्तर बदलिने बताउँछिन् । परम्परागत खेतीपाती र पशुपालनमा हुँदै आएको यहाँ हाइड्रोपावरले रोजगार सिर्जना गर्नुका साथै गाउँलेलाई व्यवसायसँग जोड्ने उपाध्यक्ष छन्त्याल बताउँछिन् । उनी भन्छिन्, 'भौगोलिक हिसाबले पछि पर्दा यहाँका नागरिक पछाडि परेका छन्, अब विस्तारै सडक पनि राम्रो हुँदै छ, दैनिकीमा केही परिवर्तन आउँदै छ, यो परियोजना सम्पन्नपछि धेरैको जीवनस्तर बदलिने छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ